# प्रभाव दैनिक
National Daily

वर्ष ६ | अंक २५५ | काठमाडौं | बिहीबार, १६ माघ २०७६ | Prabhab National Daily, Thursday, January 30, 2020 | URL www.prabhabonline.com | पृष्ठ १२ | मूल्य रू. ५।-



जातीय छुवाछूत गर्नु कानुनी रूपमा दण्डनीय र सामाजिक रूपमा निन्दनीय हो ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग


सन्दर्भ : वैदेशिक रोजगार

## मर्करी मिना कम्पनीपीडित सम्पर्कविहीन

■ रमेश सापकोटा

**काठमाडौं–** कतारको मर्करी मिना कम्पनीबाट तलब नपाएपछि फर्किएका ३४ नेपाली श्रमिकहरूलाई क्षतिपूर्ति दिने घोषणा भएको भए पनि एक पीडित भने वैदेशिक रोजगार विभागको सम्पर्कमा आएका छैनन् । सो कम्पनीमा काम गरी बिनातलब सन् २०१७ मा फर्कन बाध्य भएका उनीहरूमध्ये एक जना विभागको सम्पर्कमा अझै आउन नसकेको महानिर्देशक डा.भीष्मकुमार भुषालले बताए ।

महानिर्देशक डा.भुषालका अनुसार कम्पनी बन्द भएको अढाई वर्षपछि श्रमिकलाई २ लाख ७५ हजार रियाल (झन्डै ८५ लाख रूपैयाँ) क्षतिपूर्ति दिने भएको छ । उनले भने, 'उक्त रकम वैदेशिक रोजगार विभागको समन्वय र सहजीकरणमा नेपालस्थित कतारी राजदूताबासमार्फत भुक्तानी गर्ने, सम्पर्कमा नरहेको व्यक्तिको रकम भने उसको परिवारलाई सम्पर्क गरी परिवारलाई नै भुक्तानी हुन्छ । तर हालसम्म उक्त व्यक्ति विभागको सम्पर्कमा नआएकाले विभागले आफ्नो सिस्टममार्फत कुन व्यक्ति कुन म्यानपावरबाट गएको र कहिले फर्केको विवरणका माध्यमले उसको परिवारलाई सम्पर्क गर्छ ।'

वैदेशिक रोजगार विभाग, कतारस्थित नेपाली दूताबास, एम्नेस्टी इन्टरनेसलनले ताकेता गर्दा सो कम्पनी सन् २०१७ जुलाईमा नै बन्द भइसकेको तथा सन् २०१८ मा नवीकरणसमेत नभएको जानकारी कतारको सरकारी निकायले गराएको थियो । तर, नेपाली दूताबाससँगको नियमित सम्वादबाट पीडित नेपालीलाई क्षतिपूर्ति दिलाउन सफलता मिलेको महानिर्देशक डा.भुषालले जानकारी दिए ।

कम्पनी सन् २०१७ मा नै बन्द भइसके पनि कतार सरकारको पहलमा रकम प्राप्त हुने भनी कतारस्थित नेपाली दूताबासले कतारको मानव संशाधन, श्रम तथा सामाजिक मामिला मन्त्रालयको श्रम मामिला हेर्ने प्रमुख मोहम्मद हसन अल अविद्लीसँग कतारका लागि नेपाली राजदूत डा.नारदनाथ भारद्वाजले छलफल गरी सो रकम भुक्तानी गर्ने निर्णय भएको दूताबासले जानकारी दिएको छ । सो रकम विभागको समन्वय र सहजीकरणमा नेपालस्थित कतारी राजदूताबासमार्फत भुक्तानी गर्ने सहमति भएको विभागले जनाएको छ ।

विभागका अनुसार सो कम्पनीमा संस्थागत रूपमा नेपालका अल एसिया इन्टरनेसनल, रकी इन्टरनेसनल, प्याराडाइज इन्टरनेसनल, वर्ल्ड भिजन इन्टरनेसनल मेनपावर सर्भिस तथा स्काई वे ब्युरो सर्भिस म्यानपावरका साथै व्यक्तिगत श्रम स्विकृति गरी श्रमिक गएका थिए ।

'सुरुमा झन्डै एक डेढ वर्ष राम्रैसँग तलब दिए पनि त्यसपछि डिसेम्बर २०१६ देखि मर्करी मिनाले उनीहरूलाई तलब दिन छाड्यो, केही समयका लागि मात्रै तलब भुक्तानीमा ढिलाइ भएको र यो समस्या चाँडै नै समाधान हुने भनी वाचा गरेका कारण उनीहरूले कामलाई निरन्तरता दिए । तर, त्यो समस्या पाँच महिनासम्म पनि समाधान नभएको र कतारबाट फर्केको झन्डै ३ वर्ष बितिसक्दा पनि आफूहरूले पाउन बाँकी तलब सुविधा कसैले पनि पाइएन,' पीडितमध्येका रुद्रनारायण चौधरीले प्रभाव दैनिकसँगको कुराकानीका क्रममा आगाडि भने, 'हामीले कतारस्थित नेपाली दूताबास, एम्नेस्टी इन्टरनेसनल, कतारको मानवअधिकार आयोगलगायतमा उजुरी हालेर रकम पाउने प्रयास गर्दा पनि खाली हात नै फर्किनु परेको थियो ।'

उनले आफूले २० हजार ६ सय ७५ रियाल (झण्डै छ लाख ५० हजार रूपैयाँ) पाउन बाँकी रहेको बताए । चौधरीले पाउनु पर्ने रकम नै ३४ जनामध्य सबैभन्दा बढी रहेको विभागले जानकारी गराएको छ ।

कुराकानीका क्रममा पीडित चौधरीले आफूले पटक-पटक काठमाडौं धाउँदा पनि रकम पाउने विषयमा कुनै प्रगति नभएपछि आफूले आस मारिसकेको बताए । उनी कलंकीस्थित रकी इन्टरनेसनल मेनपावर कम्पनीबाट इलेक्ट्रिसियनको भिसामा कतार गएका थिए । चौधरी बताउँछन्, 'हाम्रो लागि वैदेशिक रोजगारी आर्थिक आयको विश्वासिलो माध्यम भनिए पनि हामीले भोग्नु परेको समस्याले गर्दा वैदेशिक रोजगारीप्रति वितृष्णा जागेर आउँछ । तर अहिले हामीले गरेको मिहिनेतको परिश्रम करिब ३ वर्षपछि पाउने समाचारले साह्रै खुसी बनाएको छ ।'

क्षतिपूर्तिका बारेमा विभागले क्षतिपूर्ति दिने भन्ने समाचार प्रवाह गर्दै गरे पनि अधिकांश कामदारले भने यसबारे कुनै सूचना पाएका छैनन् । उनीहरूलाई प्रभाव दैनिकले गरेको सम्पर्कबाट मात्र सूचित भएको बताए । यसमध्ये सप्तरीका कृष्णकुमार साहुले खुसी हुँदै भने, 'थाहै थिएन, अब काठमाडौं आउने र क्षतिपूर्ति लिने भन्दै सबैलाई धन्यवाद । माया मारेको रकम आएछ, तर मैले कति पाउँछु, थाहै छैन ।' विभागले दिएको जानकारी अनुसार उनले १२ हजार ७ सय १ रियाल अर्थात् करिब ३ लाख ९६ हजार ६ सय ७५ रूपैयाँ पाउँदै छन् ।

## अध्यागमनबाटै श्रम स्विकृतिको विवरण हेर्न सकिने

■ प्रभाव संवाददाता

**काठमाडौं–** वैदेशिक रोजगारमा गएको व्यक्तिहरूको श्रम स्विकृतिको विवरण त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलस्थित अध्यागमन कार्यालयले आफैँ हेर्न सक्ने भएको छ । यसअघि सबै काम श्रम डेस्कबाट हुँदै आए पनि मंगलबार अध्यागमन विभागसँग वैदेशिक रोजगार विभागको सूचना प्रणालीहरू एकीकरण भएपछि श्रम स्विकृतिको बिवरण आफैँ हेर्न सकिने भएको हो ।

विभागका महानिर्देशक डा.भीष्मकुमार भुषालका अनुसार वैदेशिक रोजगार विभागले अध्यागमन विभागसँग डाटा सेयरिङ र इन्टिग्रेसन गरेपछि अब कुनै व्यक्ति नेपालको अध्यागमनबाट जुनसुकै प्रयोजनका लागि बाहिर गए पनि आए पनि तथ्यांक हुनेछ । यसबाट कुनै व्यक्तिले हिजोका दिनमा कुन कुन भिसामा बाहिर गएको हो हेर्न र अपराध नियन्त्रण गर्नसमेत सहयोग पुग्नुका साथै कति नेपाली भारतबाहेकका देशमा गएका छन् भन्ने वास्तविक सूचना संकलन हुने उनले बताए ।

तर, यसअघि वैदेशिक

(बाँकी पृष्ठ ३ मा)

## एमसिसीबारे विवादै नगरौँ : प्रधानमन्त्री

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानमन्त्री केपी शर्मा ओलीले मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसिसी) सम्झौतानुसार अनुमोदन हुनुपर्ने बताएका छन् । बुधबारदेखि सुरु भएको पार्टीको केन्द्रीय कमिटीको दोस्रो पूर्ण बैठकलाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले आफ्नो भनाइ दोहोऱ्याएका हुन् ।

नेकपाका अध्यक्ष तथा प्रधानमन्त्री ओलीले यसअघि पनि एमसीसी सम्झौता अनुमोदन गर्नुपर्ने बताउँदै आएका छन् । नेकपाभित्रै एमसीसीको विरोध हुँदै आएको छ । तर, प्रधानमन्त्री ओलीले भने जसरी सम्झौता अनुमोदन हुनुपर्ने बताउँदै आएका छन् ।

अमेरिकासँग तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाको कार्यकालमा ०७४ साल २९ भदौमा गरिएका एमसिसी सम्झौतानुसार अमेरिकी अनुदान तथा प्राविधिक सहायता र नेपाल सरकारको लगानीमा विभिन्न आयोजना बन्ने भएकाले यसलाई संसद्बाट अनुमोदन गर्न ढिला गर्न नहुने उनले बताए ।

पाँचवर्षे सो सम्झौताको कतिपय बुँदामा प्रश्न उठेपनि यसलाई कार्यान्वयन गर्नाको विकल्प नभएको बताउँदै प्रधानमन्त्री ओलीले भने, 'यसमा धेरै विवाद गरिरहनु पर्दैन । यसमा नेपाललाई होच्याउने, अपमान गर्ने वा हिन्द प्रशान्त रणनीतिको सम्बन्धको कुरा छैन । हरेक देशका अनेक अदृश्य स्वार्थ हुन सक्छन् । त्यसमा हामी नजाऔँ । उनले कुनै मुलुकसँग सम्बन्धै



नराख्ने कुरा पनि उठाउन सकिने बताउँदै आफ्नो मुलुकको स्वार्थ र प्राथमिकतालाई हेर्नुपर्ने बताए ।

सोही अवसरमा प्रधानमन्त्री ओलीले सरकार राष्ट्रियतालाई बलियो बनाउँदै चौतर्फी ढंगले विकास निर्माणको यात्रामा अघि बढेको बताए । कुनै भ्रम र आशंका नराख्न पार्टीका केन्द्रीय सदस्यलाई आग्रह गर्दै प्रधानमन्त्री ओलीले समृद्धिका लागि प्रयासरत भई सत्यका लागि लड्न आँट गर्ने सरकार भएकाले कुनै अन्योल, भ्रम र आशंका रहेमा चिरेर जान आग्रह गरे ।

साथै, दुई तिहाइको सरकार स्पष्ट सोचका साथ गरीबी, भोकमरी र पछौटेपन अन्त्य गराउँदै विकास र समृद्धिका लागि चाहेको निर्णय गर्न सक्ने मजबुत अवस्थामा रहेकाले कुनै द्विविधा राख्न जरुरी नभएको उनको भनाइ छ । 'नेपाललाई नयाँ चरणमा लान हामी अग्रसर रहेका छौँ' उनले भने, 'हामी निर्वाचनबाट जनमत लिएर सरकारमा आएको कम्युनिष्ट पार्टी हौँ । हामी तीव्र आर्थिक विकासको गतिमा छौँ ।'

यसै अवसरमा प्रधानमन्त्री ओलीले नेपाली भूगाग लिम्पियाधुरालाई आफ्नो नक्शामा समावेश गरी भारतले नक्शा सार्वजनिक गरेकामा उक्त कार्य सुगौली सन्धिविरुद्ध रहेको भनी पहिलोपटक लिखित पत्राचार गरी आग्रह गरिएको समेत जानकारी गराए ।

प्रधानमन्त्री ओलीले भने, 'आपसी संवादको माध्यमबाट सीमा विवादको समाधान गर्न सकिनेछ र त्यही प्रयास गरिरहेका छौँ । सरकारले राष्ट्रहितलाई बेवास्ता गर्दैन । यो राष्ट्रवादी र सत्यका लागि लड्न आँट गर्ने सरकार हो । हामी जोसुकैसँग पनि सार्वभौम समानताका आधारमा कुरा गर्न सक्छौँ ।'

करिब चार घण्टा बसेको बैठकमा प्रधानमन्त्री ओली वर्तमान सरकारले गरेका प्रगति समेत सुनाए । उनले सरकारका दुई वर्षका उपलब्धिबारे अवगत गराउँदै त्रिशूली थ्री 'ए' जलविद्युत् आयोजना निर्माण सम्पन्न भएको, टनेल बोरिङ मेशिनबाट भेरी बबई बहुउद्देश्यीय आयोजनाको सुरुङ छेडिएको, अन्तर्राष्ट्रिय विमानस्थलहरूको निमार्णमा तीव्रता दिएको लगायतका प्रगति सुनाएका थिए ।

## रगत नि:शुल्क हुनुपर्छ: अध्यक्ष दाहाल

**काठमाडौं(प्रस)–** नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले रगतको अभावमा छट्पटाइरहेका बिरामीले पैसा तिरेर रगत लिनुपर्ने बाध्यताको अन्त्य हुनुपर्ने धारणा व्यक्त गरेका छन् ।

नेपाल स्वयंसेवी रक्तदाता समाजद्वारा बुधबार आयोजित १४ औँ राष्ट्रिय स्वयंसेवी रक्तदाता दिवस समारोहमा उनले यस्तो धारणा व्यक्त गरेका हुन् ।

उनले रक्तदान कार्यक्रमबाट रगत निशुल्क संकलन गरिए पनि विरामीले रगत लिदाँ भने शुल्क तिर्नुपर्ने हाम्रो बाध्यता भएको बताए । उनले भने, 'रक्तदाताले रगत निशुल्क दिएको हुन्छ, तर त्यही रगत हामीसम्म आइपुग्दा महन्गो शुल्क तिर्नुपर्छ ।'

अध्यक्ष दाहालले रगतको यस्तो समस्या समाधान गर्न आफु र आफ्नो सरकारले पूर्ण सहयोग गर्ने प्रतिबद्धता जनाए । उनले भने, 'नेकपाको अध्यक्ष र सरकारको नेतृत्व गर्ने पार्टी नेताको हैसियतमा पूर्ण सहयोग गर्ने प्रतिबद्धता गर्दछु ।'

समारोहमा थालेसिमिया समाजका अध्यक्ष दुर्गा पाठकले रगत र थालेसिमियाका बिरामीको सम्बन्ध नङ र मासुको जस्तै रहेको बताए । उनले थालेसिमियाका विरामीलाई रगत चढाईरहनुपर्ने हुनाले यस्तो रोग लाग्ने वित्तिकै मानिसहरू निराश हुने र उपचारमा नै नजाने प्रवृद्धि बढेको बताए । उनले हाम्रो शरिरको रगत खेर नै जाने भएकोले पनि हामीले समय समयमा रक्तदान गरे यस्ता विरामीले नयाँ जीवन पाउने बताए ।

## चीनसँग जोडिएका नाका बन्द

■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारले चीनसँग जोडिएको सीमा रसुवाको रसुवागढी नाका र सिन्धुपाल्चोकको तातोपानी नाका १५ दिनका लागि बन्द गरेको छ । चीनमा फैलिएको कोरोना भाइरसबाट सर्तकता अपनाउँदै आवत-जावतमा रोक लगाएको हो ।

गृह मन्त्रालयका प्रवक्ता केदारनाथ शर्माका अनुसार चीनमा कोरोना भाइरस फैलिएकाले १५ माघदेखि ३० गतेसम्म बन्द सीमा गरिएको हो । चीनको वुहान सहरबाट फैलिएको कोराना भाइरस तिव्ररूपमा फैलिँदै गएपछि नेपाल सतर्कता अपनाउन आह्वान गरेको छ ।

तर, सरकारले भ्रमण वर्ष घोषण गरेको सुरुमै चीनबाट कोरोना भाइरसको संक्रमण फैलिएपछि भ्रमण वर्षलाई धक्का भएको छ । यस सम्बन्धमा प्रधानमन्त्री केपी शर्मा ओलीले समेत चिन्ता व्यक्त गरेका छन् । बुधबार केन्द्रीय कमिटि बैठकमा उनले भ्रमण वर्षका रूपमा यस वर्षलाई घोषणा गरेको तर सुरुवाती चरणमै केही प्राकृतिक धक्का लागेको बताएका थिए । उनले भने, 'तर, यसलाई समयमै नियन्त्रणमा लाग्छौ ।' यसैबेला संक्रमणका कारण सीमा बन्द गर्दा नेपाल भ्रमण वर्षलाई धक्का लागेको छ ।

चीनमा कोरोना उक्त भाइरसले हालसम्म १ सय ३२ जनाले ज्यान गुमाएका छन् भने करिब ३ हजार संक्रमित छन् । चीनमा कोरोनाभाइरसको संक्रमित संख्या मंगलबारसम्म ५९७४ पुगेको छ भने तीमध्ये ३२३९ जनाको अवस्था गम्भीर रहेको सेन्टर फर हेल्थ प्रोटेक्सन (सीएचपी)ले जनाएको छ । चीनलगायका १६ भन्दा बढी देशमा यो संक्रमण फैलिएको छ । कोरोना भाइरसबाट चीनमा ३२३९, हङकङमा ८, मकाउमा ७, थाइल्याण्डमा १४, र ताइवानमा ८ मा संक्रमण देखिएको जनाइएको छ ।

यसैबीच स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले कोरोना भाइरस संक्रमणको आशंकामा एक जनालाई निगरानीमा राखेको जनाएको छ । शहीद शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल टेकुमा सम्पर्कमा आएका आठमध्ये अन्यलाई कुनै निगरानीको जरुरी नभएकाले घर पठाइएको र एक जनाको मात्रै परीक्षण थालिएको मन्त्रालयका प्रवक्ता महेन्प्रसाद श्रेष्ठले जानकारी दिएका छन् ।

भाइरस संक्रमण भएको क्षेत्रबाट आएका मानिस र शंकास्पद लक्षण देखिएकालाई मात्रै निगरानीमा राख्ने गरिएको छ । यसअघि चार जनामा गरिएको परीक्षणमा ९ माघमा एक जनामा संक्रमण भएको फेला परेको थियो । उनी पनि उपचारपछि निको भएर घर फर्किसकेका छन् ।

स्वास्थ्य तथा जनसंख्यामन्त्री भानुभक्त ढकालकै उपस्थितिमा हरेक दिन कोरोनाको अवस्थाबारे उच्चतहको बैठक बसेर छलफल थालिएको छ । बुधबार साझ बसेको बैठकले नेपालमा चीनको संक्रमित क्षेत्र उवान प्रान्तबाट आएका एक व्यक्तिमा भाइरस देखिएपनि अहिलेसम्म कसैमा संक्रमण नभएकाले डराउनुपर्ने अवस्था नरहेको निष्कर्ष निकालेको छ । बैठकमा संक्रमण फैलनसक्ने भएकाले सबै क्षेत्रमा उच्च निगरानी राख्न मातहतका कार्यालयलाई निर्देशनसमेत दिएको छ ।




# नेकपाको प्रतिवेदनमाथि आजदेखि छलफल

■ प्रभाव संवाददाता



**काठमाडौं–** नेपाल कम्युनिष्ट पार्टी (नेकपा)को केन्द्रीय कमिटी बैठकमा आज बिहीबारदेखि समूहगत छलफल हुने भएको छ ।

राष्ट्रियसभागृहमा सुरु भएको बैठकमा वर्णानुक्रमअनुसार १५ समूह विभाजन गरी प्रतिवेदनमाथि समूहगत छलफल गर्ने तयारी भएको नेकपाका प्रचार विभाग उपप्रमुख सूर्य थापाले जानकारी दिएका हुन् ।

महासचिव विष्णुप्रसाद पौडेलले समूहगत छलफलका लागि १५ समूहमा केन्द्रीय सदस्यलाई विभाजन गरेका थिए । वर्णानुक्रमअनुसार ४४१ केन्द्रीय सदस्यलाई विभिन्न १५ समूहमा विभाजन गरिएको हो । बन्दसत्रमा अध्यक्ष पुष्पकमल दाहालले पार्टीको राजनीतिक प्रतिवेदन प्रस्तुत गर्दै आगामी २०७७ चैत मसान्तसम्म पार्टीको एकता महाधिवेशन गर्ने प्रस्ताव पेश गरे । त्यसैगरी बैठकमा महासचिव पौडेलले सांगठनिक प्रतिवेदन प्रस्तुत गरेका छन् ।

बुधबार नै सातै प्रदेशका अध्यक्षले आ-आफ्नो प्रदेश कमिटीको सांगठनिक प्रतिवेदन पेश गर्ने कार्यसूची भएपनि समय अभावका कारण पेश हुन सकेन । बुधबार प्रधानमन्त्री तथा पार्टी अध्यक्ष केपी शर्मा ओलीले उद्घाटन मन्तव्य दिएर बैठक शुभारम्भ गरेका थिए ।

प्रधानमन्त्री ओलीले उद्घाटन गरेपछि केहीबेरलाई स्थगित भएर पुनः बैठकको बन्दसत्र सुरु भएको थियो ।

उक्त १५ समूहमा सचिवालय सदस्य रहने छैनन् । समूह नेताले समूहका तर्फबाट २० मिनेटमा लिखित प्रतिवेदन प्रस्तुत गर्ने कार्यविधिसमेत बनाइएको छ । अध्यक्ष दाहालको राजनीतिक प्रतिवेदन र महासचिवको सांगठनिक प्रतिवेदनमाथि बिहीबारदेखि नै समूहगत छलफल हुनेछ ।

छलफलपछि शुक्रबार र शनिबार समूहका नेताले आ-आफ्नो समूहको तर्फबाट लिखित प्रतिवेदन प्रस्तुत गर्ने कार्यविधि रहेको छ ।

यसैगरी बैठकमा केन्द्रीय निकायका अध्यक्षलाई समेत बोल्ने दिइने भएको छ । निकायका अध्यक्षलाई १० मिनेट समय छुट्याइएको छ । कार्यविधिअनुसार आइतबार समूहगत छलफलमा उठेका विषयमा निष्कर्ष प्रस्तुत गर्ने र दस्तावेज पारित गर्ने कार्यतालिका रहेको बताइएको छ ।

बैठकमा सचिवालय र स्थायी कमिटी बैठकले गरेका निर्णयउपर छलफल गर्ने र अनुमोदन गर्ने कार्यतालिका रहेको छ । बैठकमा श्रव्य र दृश्य संकलन गरिने भएको छ । बैठक बुधबारबाट १९ माघसम्म प्रत्येक दिन बिहान ११ देखि साँझ ५ बजेसम्म सञ्चालन हुने जनाइएको छ ।

# अज्ञात समूहद्वारा मैनालीलाई धम्की

■ प्रभाव संवाददाता



**काठमाडौं–** चाइना व्यापारी पुरुषोत्तम शंकर मैनालीलाई विप्लव माओवादी भन्दै अज्ञात समूहद्वारा ज्यान मार्ने धम्की दिएको छ । सर्लाही, पिप्राभित्ता-९ का स्थायी बासिन्दा मैनालीसँग उक्त समूहबाट २० लाख रूपैयाँ आर्थिक सहयोग गर्नुपर्ने अन्यथा भौतिक हमला गर्नेसम्मको चेतावनी दिएको उनले बताए ।

चाइना व्यापारी भएकाले मैनाली सधैं चाइना आतेजाते गर्दै आएका छन् । उनी म्यापइन्टरप्रेन्युयर्स, कमलपोखरीको बिजनेस डेभेलोपर म्यानेजरसमेत हुन् । केही वर्षअघि उक्त समूहले विप्लवको नाम लिएर उनीबाट दुईपटक केही रकम पनि लिएका थिए । तर, दुई वर्षयता भने उनलाई गालीगलौज गर्दै अत्यन्त बढी रकम मागेको भन्दै मैनालीले आफूले दिनै नसक्ने बताएका छन् ।

चाइना कारोबारी गर्नेले सहयोग गर्नुपर्ने भन्दै उनलाई बारम्बार टेलिफोनबाट भौतिक आक्रमणको चेतावनी दिएपछि ज्यान जोगाउनकै लागि प्रायः चीन र भारतमा बस्दै आएको उनी बताउँछन् । उनले आफूले यसअघि पनि रकम दिएको तर अहिले भने आफूसँग रकम नभएको भन्दै आए पनि उनीहरूले कुनै सुनुवाई नगरेको भन्दै उनले भने, 'ज्यान जोगाउनकै लागि भए पनि आफू अहिले बढीजसो चाइना र भारतमा बस्दै आएको छु ।'

त्यसो त उनी नेपाल विद्यार्थी संघका सदस्य हुन् । उनी अमृत साइन्स कलेजका विद्यार्थी हुँदादेखि नै उनलाई माओवादीले धम्की दिने र त्रास देखाउँदै आएका थिए । उनी नेविसंघ भएपछि त्यसबेला पनि उनीमाथि तत्कालीन माओवादीका कार्यकर्ताहरूबाट पटक-पटक आक्रमण भएको थियो ।

त्यसबेला नेविसंघ र अखिल क्रान्तिकारीको वैचारिक संघर्षको नाममा आक्रमण हुने गरेको तर अहिले भने व्यापारी भएकाले उनीमाथि विप्लव माओवादीको आँखा लागेको हुन सक्ने उनको अनुमान छ ।

माओवादी शान्ति वार्तामा आइसकेपछि सबै कटुताहरू बिर्सनुपर्नेमा अहिले पनि उनीमाथि आक्रमणको शिलशिला रोकिएको छैन । वैचारिक संघर्षदेखि सुरु भएको कटुता व्यापारी हुँदासम्म पनि विप्लव माओवादीले आफूलाई पिछा गर्न नछाडेको उनी बताउँछन् । शान्ति प्रक्रियाको केही समय शान्त भए पनि विप्लव माओवादी जन्मेपछि गत दुई वर्षदेखि भने उनीमाथि आक्रमक रूपमा सो समूहले लाखौं रूपैयाँ चन्दा सहयोग माग्न थालेको उनले बताए ।

विप्लव माओवादीले सहयोग नपाएकै झोँकमा एनसेल टावरमाथि र केही नेताहरूको निवासमा बम विष्फोट गराएको समाचार आएपछि उनमा अहिले चिन्ता र त्रास देखिएको छ । मानसिक तनाव कम गर्नकै लागि भए पनि अहिले मैनाली शिक्षण पेसामा संलग्न छन् । उनी भन्छन्, 'दिनभर तनावमा बस्नुभन्दा विद्यार्थीहरूसँग रहँदा आफ्नो पीडा बिर्सने हुनाले अहिले स्वयंसेवकका रूपमा किन्डर गार्डेनका बच्चाहरूलाई पढाउने गर्छु ।'


# साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AWAL EQUIPMENT HIRING COMPANY

पूर्व स्वीकृति मिति २०७६/१०/१५ LT. No. 231949 चलानी नं. ६०१५०७९७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Gen. Maintenance Tec. Mec. | 4 | 0 | 1800 | ५४,६१२ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | WHOLE VEHICLE DRIVER | 1 | 0 | 1800 | ५४,६१२ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः मेनपावर कार्यालय काठमाण्डौ, मितिः माघ २४ गते अर्थात (7 Feb. 2020) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/- कामदार आफैंले | कामदार आफैंले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क: निःशुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Boes Broadway Overseas Employment Service Pvt. Ltd. Govt. License 378/059/060

Gaushala, Pingalasthan, Ktm, Nepal. Tel. : +977 1 4475367/4475368, Fax : +977 1 4475369


# आज श्रीपञ्चमी

**काठमाडौं–** प्रत्येक वर्ष माघ शुक्लपञ्चमीका दिन मनाइने श्रीपञ्चमी विद्याकी अधिष्ठात्रीदेवी सरस्वतीको पूजाराधना गरी आज देशभर मनाइँदैछ ।

वसन्त पञ्चमीका दिन सरस्वतीको पूजा गरे विद्या बुद्धि बढ्ने विश्वास छ । देशभरका सरस्वती मन्दिरमा पूजाआराधना गर्न श्रद्धालुको भीड लाग्छ। विद्यालय नपठाइएका साना बालबालिकालाई आजकै दिनदेखि अक्षरारम्भ गराउने चलन छ । आजका दिन लेखपढ गर्न सिकाए राम्रो विद्या आउने जनविश्वास छ ।

चन्द्रमाजस्तो गोरो वर्ण भएकी तथा हातमा वीणा र पुस्तक लिएकी विद्याकी देवी सरस्वतीलाई भक्तजनले भारती, शारदा, हंसबाहिनी, जगन्माता, बागीश्वरी, कौमारी, वरदायिनी, बुद्धिधात्री, ब्रह्मचारिणी, चन्द्रघण्टा र भुवनेश्वरीजस्ता नामले पुकार्छन् ।

विद्या र सिर्जनाकी देवी भएकाले विशेष गरी साहित्यकार, कलाकार, पत्रकार, शिक्षक र विद्यार्थी आआफ्ना कला-साधनाका वस्तु कलम, कापी, कुची र वाद्ययन्त्र आदिलाई सरस्वतीका रूपमा पूजाराधना गर्छन् भने तान्त्रिकहरू तन्त्र सिद्धिका लागि तारादेवीका रूपमा आराधना गर्छन् ।

सूर्य उत्तरतिर लागी दिन लामो हुने र वसन्त ऋतु प्रारम्भ हुने विश्वासका साथ आजका दिनलाई 'वसन्तपञ्चमी' पनि भन्ने गरिन्छ । यसै यामदेखि वन ढकमक्क हुन्छ । प्राकृतिक रूपमै रमाइलो वातावरणको अनुभव हुन्छ । ऋग्वेदमा वाग्देवीका नामले प्रसिद्धि पाएकी ब्रह्माकी अर्धांगिनी ब्रह्मायणीको पूजोपासनाले सबै प्रकारको ज्ञान, सिद्धि र सद्बुद्धि प्राप्त हुने भएकाले सरस्वती पूजाको ठूलो महत्व छ । रासस

# प्रतिवेदन पेश

■ प्रभाव संवाददाता

**काठमाडौं–** राष्ट्रपति विद्यादेवी भण्डारीसमक्ष प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले यही ९ माघमा सम्पन्न राष्ट्रियसभा सदस्य निर्वाचन परिणाम पेश गरेका छन् ।

राष्ट्रपति कार्यालय शीतल निवासमा बुधबार आयोजित कार्यक्रममा राष्ट्रपतिसमक्ष प्रमुख निर्वाचन आयुक्त थपलियाले राष्ट्रियसभा सदस्य निर्वाचन ऐनबमोजिम प्रतिवेदन पेश गरेका हुन् । उक्त निर्वाचनमा २०७६ साल २० फागुनदेखि रिक्त हुने १९ जना राष्ट्रियसभा सदस्यमध्ये १८ पदका लागि निर्वाचन भएको थियो । निर्वाचनमा ७ प्रदेशबाट महिला समूहतर्फ ७ जना, दलित समूहतर्फ दुई, अपांगता भएका व्यक्ति वा अल्पसंख्यक समूहतर्फ दुई र अन्य समूहतर्फ ७ जना निर्वाचित भएका छन् ।

प्रतिवेदनमा राष्ट्रियसभा गठनसम्बन्धी संवैधानिक एवं कानूनी व्यवस्था, निर्वाचन दल दर्ता, मतदाता नामावली, मतपत्र व्यवस्थापन, निर्वाचन सुरक्षा, निर्वाचन कार्यक्रम, जनशक्ति र सामग्री व्यवस्थापन, निर्वाचन आचारसंहिता, निर्वाचन अनुगमन र अवलोकन तथा मतदान, मतगणना र परिणाम घोषणाका विषय उल्लेख छ ।

# आजको राशिफल



**एस्ट्रो राधे, गौरीघाट, काठमाडौं**
**(सम्पर्क– ९८४९२६८९८२)**

२०७६ माघ १६ गते बिहीबार
माघ शुक्ल पञ्चमी तिथि ।
सन् २०२० जनवरी ३० तारिख ।

| | |
|---|---|
| **मेष** | मिष्ठान्न भोजन, व्यापारिक प्रगती । |
| **वृष** | शत्रु पराजय, भ्रमण । |
| **मिथुन** | मानसम्मान मिल्ने, सन्तान सुख । |
| **कर्कट** | अनावश्यक चिन्ता, नयाँ साथीभाइ । |
| **सिंह** | आकसमीक लाभ, दाम्पत्य सफल । |
| **कन्या** | नोकरीमा पदोन्नती, पारीवारीक दुख । |
| **तुला** | ज्ञान आर्जन, सन्तान सुख । |
| **वृश्चिक** | सन्चित धन नाश, काममा ढिला सुस्ती । |
| **धनु** | काममा जोशजागर, पठनपाठनमा प्रगती |
| **मकर** | असफल काम बन्ने, झुटो आरोप । |
| **कुम्भ** | अनावश्यक तनाव, प्रेम असफल । |
| **मीन** | पारीवारीक सुख, सन्तान प्राप्ती । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेशनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेशनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगन्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालय/शववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेशनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिङ्ग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डाँछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

माघ १६ गते, २०७६ (३० जनवरी २०२०)

| मुद्रा | इकाई | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | ११३।८३ | ११४।४३ |
| युरो | १ को | १२५।५९ | १२६।२५ |
| पाउन्ड स्टर्लिङ | १ को | १४८।९७ | १४९।७६ |
| स्विस फ्रैन्क | १ को | ११७।२५ | ११७।८७ |
| अस्ट्रेलियन डलर | १ को | ७७।९३ | ७८।३४ |
| क्यानाडियन डलर | १ को | ८६।६५ | ८७।१० |
| सिंगापुर डलर | १ को | ८४।२३ | ८४।६७ |
| जापानी येन | १० को | १०।३८ | १०।४४ |
| चिनियाँ युआन | १ को | १६।४१ | १६।५० |
| साउदी अरब रियाल | १ को | ३०।३४ | ३०।५० |
| कतारी रियाल | १ को | ३१।२६ | ३१।४३ |
| थाई भाट | १ को | ३।७२ | ३।७४ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३०।९९ | ३१।१५ |
| मलेसियन रिंगेट | १ को | २८।०२ | २८।१७ |
| दक्षिण कोरियन वन | १०० को | ९।७४ | ९।७९ |
| स्विडिस क्रोनर | १ को | ११।९२ | ११।९८ |
| डेनिस क्रोनर | १ को | १६।८१ | १६।८९ |
| हङकङ डलर | १ को | १४।६४ | १४।७२ |
| कुवेती दिनार | १ को | ३७४।६२ | ३७६।५९ |
| बहराइन दिनार | १ को | ३०१।८९ | ३०३।४८ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।



गिट्टी कुट्दै | जाजरकोट-डोल्पा सडक खण्डको रुकुमपश्चिम आठबीसकोट नगरपालिका-११ रिठास्थित त्रिभुवन आधारभूत विद्यालयको कक्षा ४ मा अध्ययनरत आशिष पुन र नवीन ववाल गिट्टी कुट्दै ।
तस्बिर : हेमन्त केसी

# नागरिकता, राहदानी लिने क्रममा बिचौलियाबाट ठगिँदै

■ प्रभाव संवाददाता

**काठमाडौं**–पछिल्लो समय उपभोक्ताहरूमाथि विभिन्न बहानामा ठगिने क्रम बढिरहेको विषयलाई ध्यान दिँदै सरोकारवाला निकायले कारबाहीलाई तदारुकता दिएको जानकारी दिएका छन् ।

बजारमा निर्माण, औषधी, खाद्यान्नलगायत सामाग्रीमा ठगी भइरहेको गुनासा आएको सन्दर्भमा तराई विकास तथा सञ्चार केन्द्र नेपालले बुधबार गरेको कार्यक्रममा यस्तो जानकारी दिएको हो । यही सन्दर्भमा 'बजार अनुगमन, अपराध अनुसन्धानमा लागूऔषधको अवस्था र नियन्त्रणका उपायहरू' विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ ।

कार्यक्रममा काठमाडौं जिल्लाका प्रमुख जिल्ला अधिकारी जनकराज दाहालले काठमाडौं जिल्ला प्रशासन कार्यालय नेपाल सरकारको उदेश्य पूर्तिका लागि दत्तचित्त भएर लागेको बताए । हाल काठमाडौं उपत्यकाभित्र घट्ने विभिन्न किसिमका अपराधिक घटना र उपभोक्ता ठगीका घटनाहरू न्यूनीकरण गर्न आफूहरू सक्रिय भएर लागेको उनले बताए । उनले नागरिकता, राहदानी लिने क्रममा समेत विचौलियाबाट सेवाग्राहीहरू ठगिँदै आएकाले यस विषयमा आम नागरिकहरू सचेत हुन आग्रह गरे ।

यसैगरी शान्ति सुरक्षाको हिसाबले काठमाडौं उपत्यका शतप्रतिशत सुरक्षित रहेको जिकिर गर्दै उनले भने, 'काठमाडौं उपत्यका जुनसुकै कोणबाट सुरक्षित छ, यसको लागि हामी उत्तिकै सचेत पनि छौं ।' आफूहरूले विगतमा जस्तै विभिन्न चाडपर्वहरू शान्तिपूर्ण तरिकाले सम्पन्न गर्न सफल भएको बताउँदै शान्ति सुरक्षामा काठमाडौं जिल्ला प्रशासन कार्यालय चुस्त दुरुस्त भएको जिकिर गरे ।




उनले जिल्लामा लागू औषधको दुर्व्यसनीको सन्दर्भमा कुरा राख्दै काठमाडौं जिल्लाभित्र लागूऔषध दुर्व्यसन रोक्नका लागि जिल्ला प्रशासन कार्यालयले प्रहरी प्रशासनलाई सक्रिय भएर लाग्न निर्देशन दिएको जानकारी गराए । घरघरबाटै दुर्व्यसन रोक्ने अभियानमा लाग्नुपर्ने उल्लेख गर्दै उनले भने, '३ सय भन्दा बढी कानुन बनिसकेका छन् अब प्रभावकारी सेवा प्रदान गर्ने कामलाई तदारुकता दिइन्छ ।'

त्यसैगरी कार्यक्रममा वाणिज्य तथा उपभोक्ता हित संरक्षण विभागका महानिर्देशक नेत्रप्रसाद सुवेदीले विगतमा भएका कामहरूलाई सम्मान गर्ने र बाँकी कामहरूलाई प्राप्त सुझावका आधारमा विभाग अगाडि बढ्ने जानकारी दिए । उनले उपभोक्ताहरूको हितका लागि विभिन्न कार्यक्रमहरू अगाडि सारेको बताउँदै भने, 'एसएमएस सिस्टम, क्यु सिस्टम, विद्युतीय हाजिरी, उपभोक्ता सहायता कक्षाहरू अप्रेसनमा ल्याएका छौं ।'

विभागले हाल व्यवस्थित तरिकाले अनुगमन गरिरहेको बताउँदै उनले भने, 'सूचना र मापदण्डमा आधारित व्यवस्थित अनुगमन र दिगो खालको प्रभावकारी अनुगमन गरिरहेका छौं ।' अनुगमन सूचना प्रणालीमा आधारित हुनुपर्नेमा उनको जोड थियो । कालाबजारीमा संलग्न व्यक्तिहरूमाथि मुद्दा समेत चलाइएको उनले जानकारी दिए ।

त्यसैगरी अनुगमनमा जाने टोलीका सदस्यहरूलाई आचारसंहिता निर्माण गरेको उल्लेख गर्दै उनले अब छिट्टै नै पालना भए नभएको अनुगमन गरिने बताए । महानिर्देशक सुवेदीले विभागले दिनहुँजस्तो अनुगमन गरिरहेको दाबी गर्दै भने, 'उपत्यकाभित्र र बाहिर अनुगमन गरिरहेका छौं तर अनुगमन भने उजुरी गरेकै भरमा होइन, क्रसचेक गर्ने गरेका छौं ।'

बजारमा फलामे डण्डी, सिमेन्ट, स्टील तथा उपभोग्य बस्तुहरूमा ठगी भइरहेको गुनासो आइरहेकोले दोषीलाई कारबाही गर्न विभाग तत्काल लाग्ने महानिर्देशक सुवेदीले बताए ।

त्यसैगरी कार्यक्रममा औषधी व्यवस्था विभागको महानिर्देशक नारायणप्रसाद ढकालले औषधी व्यवस्था विभागले विदेशबाट स्वदेशमा भित्रिने औषधीहरूको गुणस्तरीयता, बजार व्यवस्थापन, फार्मेसीहरूको अनुमगन गर्दै आएको जानकारी दिए । त्यसैगरी विभागले औषधीको समुचित प्रयोगलाई प्रवर्द्धन गर्ने क्रियाकलाप सक्रिय भएको बताए ।

उनले कसैलाई कारबाही गर्ने भन्दा पनि सबै पक्षलाई जिम्मेवार भई काम गरोस् गलत काम नगरोस् भन्ने खालको वातावरण सिर्जना गर्न विभाग लागि परेको बताए ।

त्यसैगरी कार्यक्रमा साल्ट टेडिङ्ग कर्पोरेशनका डिजिएम ब्रजेश झाले साल्ट टेडिङ्गले आफ्ना संस्थाबाट उपलब्ध गराउँदै आएका सामाग्रीहरू बजारको भन्दा सुलभ मूल्य र गुणस्तरीय सामाग्रीमा सम्झौता नगरेको जानकारी दिए । साथै सरकारले लिएको उदेश्यअनुसार जनमानसलाई सहज र सुपथ रूपमा नुन, तेल, गेडागुडीसहितका खाद्यान्न उपलब्ध गराएको बताए ।

प्रेस काउन्सिल नेपालका सदस्य गोविन्द चौलागाईंले बजारमा उपभोक्ता ठगिएको गुनासा आएको, आम जनताले सरकार भएको अनुभूति गर्नका लागि सरोकारवाला निकायले काम गर्नुपर्ने भएकोले त्यसअनुरूप गर्न आग्रह गरे ।

## अध्यागमनबाटै...

(पृष्ठ १ बाट जारी)

विदेशमा ४५ लाख नेपाली कार्यरत छन् भन्ने कुरा पनि तथ्यांक नभएर मिथ्यांक मात्र भएको डा.भुषालले जानकारी दिएका छन् ।

यसअघि वैदेशिक रोजगार विभागले २० असार ०७६ मा अध्यागमनसँग सूचना प्रणालीको एकीकरण गर्न प्राविधिक तयारी पूरा गरेर पत्रचार गरे पनि मंगलबारबाट नेपाली पोर्टलको शुभारम्भसँगै उक्त प्रणालीमा जोडिएको महानिर्देशक डा.भुषालले जानकारी दिएका छन् । जसले गर्दा अब वैदेशिक रोजगार विभागको श्रम डेस्कबाट हेरिने र परीक्षण गरिने कागजातहरू अध्यागमन विभागको नेपाली पोर्टलबाटै परीक्षण गर्न सकिने उनले बताए ।

त्यति मात्र होइन, विभागले छोटो समयमै अनलाइन टोकन, श्रम स्विकृतिको जानकारी मोबाइल मेसेजिङ सेवाबाट प्रदान गर्ने, पुरानो कागजमा छापिने श्रम स्टिकरको साटो बारकोडमा आधारित श्रम स्विकृतिको निस्सा ,श्रमिकको इमेलमै जाने व्यवस्था, अनलाइन कागजात प्रमाणीकरण, अनलाइन आवेदन प्रणाली, अनलाइन बिमा र कल्याणकारी कोषको रकम भुक्तानी, अनलाइन पूर्वस्विकृति, अनलाइन छनोट सूची प्रकाशन र अनलाइन अन्तिम श्रम स्विकृतिको व्यवस्था गरिसकिएको महानिर्देशक डा.भुषालले बताए ।

रोजगारीमा जाने नेपालीको संख्याको वास्तविक तथ्यांक नभएको महानिर्देशक डा.भुषालले बताएका छन् । उनका अनुसार सन् २००० को अप्रिल २९ देखि हालसम्म करिब ६३ लाख श्रम स्विकृति जारी भएको छ । यसको अर्थ ६३ लाख नेपाली वैदेशिक रोजगारीमा छन् भन्ने होइन, यसमा एउटै व्यक्तिले पटकपटक लिएको श्रम स्विकृतिको गणना हुने हुँदा विदेशिएकाहरूको तथ्यांक एकीन नभएको उनी बताउँछन् ।

त्यस्तै, यता भिजिट भिसा, बिजनेस भिसा, विद्यार्थी भिसा, आश्रित भिसाका साथै रोजगारीमा भारत जानेको पनि वास्तविक तथ्यांक नभएको उनले बताएका छन् । त्यसका साथै अहिले

# एनआरएनए र पिपुल्स लिगल एसोसिएट्सबीच कानूनी सेवाबारे सम्झौता

■ प्रभाव संवाददाता

**काठमाडौं ।** एनआरएनए र पिपुल्स लिगल एसोसिएट्सबिच कानूनी सेवा लिने र दिने सम्बन्धमा सम्झौता भएको छ । बुधवार काठमाडौंमा एक कार्यक्रममा दुई पक्षबीचमा सो सम्झौता भएको हो । सम्झौतापत्रमा गैर आवसिय नेपाली संघका प्रमुख कार्यकारी अधिकृत डा. हेमन्त कुमार दवाडी र पिपुल्स लिगल एसोसियट्सका प्रबन्ध निर्देशक अधिवक्ता रामचन्द्र पौडेल (आरसी विमल) ले सम्झौता पत्रमा हस्ताक्षर गरेका छन् । सम्झौता अनुसार गैर आवसिय नेपाली संघका सदस्यलाई पिपुल्स लिगल एसोसियट्सले निःशुल्क कानूनी परामर्श दिनेछ ।

गैरआबासिय नेपाली संघसँग सहकार्य गर्ने ऐतिहासिक अवसरलाई आफुहरूले गौरबका रूपमा लिएको एसोसिएट्सका प्रबन्धक निर्देशक अधिवक्ता पौडेलले बताए । सम्झौतापश्चात् पौडेलले एनआरएनका लागि छुट्टै डेस्क स्थापना गरि काम गरिने बताए । सम्झौताले गैर आवासिय नेपाली संघ र संघले सिफारिस गरेका प्रवासी नेपालीको कानूनी समस्याको समाधान गर्न सहज एवं व्यवस्थित भएको पौडेलको भनाई छ ।




समग्रमा गैर आबासिय नेपाली संघ र आम प्रवासी नेपालीको कानूनी अधिकारको रक्षाका लागि आफुहरू लागिपर्ने अधिवक्ता पौडेलले उल्लेख गरे । त्यसैगरि गैर आवासिय नेपाली संघ यूरोप शाखाका उपसंयोजक शुक्रराज न्यौपानेले दुई पक्षबिचको सम्झौताले गैर आवासिय नेपालीलाई कानुनी उपचार खोज्न सहयोग पुग्ने बिश्वास व्यक्त गरे ।

उनले गैर आवासिय नेपालीहरू मुलुकको समग्र विकासका लागि काम गर्न इच्छुक रहेको बताए । न्यौपानेले नेपाल सरकारले संगालेको समृद्धिको सपनालाई साकार पार्न गैर आवासिय नेपाली उत्साहित रहेको समेत दावी गरे । उनले आफुहरू भौतिक रूपमा विदेशी भूमिमा रहेपनि भावनात्मक हिसाबले सधैं नेपालमै रहेको अनुभूति गर्ने गरेको बताए । कार्यक्रममा नेपाल बार एशोसियसनका महासचिव वरिष्ठ अधिवक्ता लिलामणि पौडेल, गैर आवासीय नेपाली संघका प्रमुख कार्यकारी अधिकृत डा हेमन्त कुमार बुढाथोकी र अधिवक्ता विष्णु अधिकारीले प्रवासी नेपालीका लागि नेपालको कानूनमा भएका जटिलताका सन्दर्भमा चर्चा गरेका थिए ।

# शिक्षालयको निरिक्षण तथा निर्देशन कार्यक्रम सम्पन्न

■ प्रभाव संवाददाता

**काठमाडौं**–महानगरीय प्रहरी कार्यालय रानीपोखरीका प्रमुख प्रहरी नायव महानिरीक्षक विश्वराज पोखरेल सहितको टोलिले बुधावार दिउँसो महानगरीय सशस्त्र प्रहरी गण र महानगरीय प्रहरी शिक्षालय महाराजगंजको निरिक्षण गरेका छन् ।

निरीक्षण तथा निर्देशन कार्यक्रमलाई सम्वोधन गर्दै प्रहरी नायव महानिरीक्षक विश्वराज पोखरेले विशेष परिस्थितमा गणमा कार्यरत रहेका प्रहरी कर्मचारीहरू परिचालन हुने हुनाले खटिएको ठाउँमा नमुनाको रूपमा रहदै बोली व्यवहारमा नम्रता-शिष्टता एवं व्यवसायिक र कानूनको उल्लघंन नगरी कार्य गर्न प्रहरी कर्मचारीहरूलाई निर्देशन दिए ।

विशेष परिस्थितिमा खटिने जनशक्ती भए पनि कार्यक्षेत्रमा खटिदा तपाईको कार्य पाईला पाईलामा नागरिक, सरोकारवाला निकाय, राज्य संयन्त्र साथै सरकारबाट समेत अडिट भैरहेको हुनाले गलत गर्ने प्रहरी कर्मचारीहरूलाई क्षमा नगर्ने दोहोर्याउदै व्यक्तिगत स्वार्थ पुरा गर्न लोभ लालचमा परी गलत कार्य गरेको भेटीएमा वा आर्थिक अनियमितता क्षम्य नहुने कारवाही गरेरै छाड्ने बताए । प्रहरीको एउटा सदस्यको सानो कमजोरीका कारण ठुल-ठुला उपलब्धि पनि छाँयामा पर्ने तथा समग्र संगठनको छवीमा आँच आउँछ भन्दै कुनै पनी कमजोरी नगरी जनअपेक्षा, राज्य संयन्त्र र सरकारको अपेक्षा अनुसार व्यवसायिक क्षमतालाई अभिवृद्धी गर्दै प्रभावकारी सेवा प्रवाह गर्न उनले निर्देशन दिए ।



एक पटक प्रहरी सेवामा प्रवेश गरि सेवाबाट अलग भएपनि आफ्नो २२३ पुस्ता सम्म प्रहरीकै नाम जोडिएर आउने हुनाले प्रहरीको पद वा गरिमालाई बढाउने गरी कार्य गर्न समेत निर्देशन दिए । विभिन्न अपराधिक र प्रतिबन्धित तत्वहरूले शान्ती सुरक्षामा खलल पार्न सक्ने हुनाले त्यस तर्फ सचेत रहँदै शान्ती सुरक्षा मजबुत बनाउन पनि प्रहरी कर्मचारीहरूलाई दिन रात नभनी त्रुटिरहित जिम्मेवारी बहन गर्न समेत उनले निर्देशन दिए ।


## Invitation for Bids

**Ramechhap Municipalty**
**Office of Municipal Executive**
**Ramechhap Bazar, Ramechaap**

**Invitation for Bids for the Construction of Ward Office Building**

**Ramechhap Municipality-6**
Contract Identification No: ***rm/11/076-077***
**Date of publication: 2076-10-16**

1. Ramechhap Municipality has allocated funds towards the cost of Construction of Ward Office Building (Ward No-6) and intends to apply the funds to cover eligible payments under the Contract and is open to all eligible Nepalese biddders.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Ramechhap Municipality, Ramechhap Bazar /www.ramechhapmun.gov.np/048-400116 or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp
3. Bidder to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Office Sanchit Kosh (revenue) account as specified below .

   Information to deposit the cost of bidding document in Bank:
   Cost of bidding Document Fee: Rs.3000
   Name of the Bank:Rastiya Banijya Bank
   Name of Office : Ramechhap Municipality
   Office Code no. : 8010324023
   Office Account no (for Cost of Bidding):1020304014101
4. Pre-Bid Meeting Shall held at office of Ramechhap Municipality,Ramechhap Bazar at 10:00 am on 2076-11-06.
5. Electronic bids must be submitted to the office Ramechhap Municipality, RamechhapBazar, Ramechhap by through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before12:00 noon on 2076-11-17. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 hrs on 2076-11-17 at the office of Ramechhap Municipality. Bids must be valid for a period of 120 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of Rs.2,25,000/- which shall be valid for 30 days beyond the validity period of the bid.
   Information to deposit the cost of Bid Security Fee in Bank:
   Bid Security Fee:Rs.2,25,000/-
   Name of the Bank:Rastiya Banijya Bank
   Name of Office : Ramechhap Municipality
   Office Code no. : 8010324023
   Office Account no.: 1020303003001
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# लोकतन्त्रप्रति इमानदार बन्न आवश्यक

**लोकतन्त्रको दुहाइ दिए पनि काम भने लोकतन्त्रविपरीत काम गर्ने सरकारको वास्तविक लक्ष्य थाहा पाउन सकिएको छैन । पत्रकारहरूलाई आफ्नो पार्टीमा ल्याउने मात्र होइन, उनीहरूलाई सरकारी निवासमा ल्याएर सरकारविरुद्ध केही नबोल्न, नलेख्नका लागि शपथ खुवाएर पठाउने काम सरकारबाट भइरहेको छ । सरकारविरुद्ध कुनै शब्द प्रयोग नगर्न उसले आफ्नो पार्टीका शुभचिन्तक पत्रकारहरूलाई स्पष्ट रूपमा नै पार्टी शीर्ष नेताहरूबाट निर्देशन भएको छ । नेताहरूले जे जति गलत काम गर्दै आएको भए पनि यसलाई बाहिर नल्याउन निर्देशन दिनुको पछाडि सरकारले लोकतन्त्रमाथि विश्वास नगर्नु हो । लोकतन्त्रमा विरोध गर्नुलाई सामान्य मानिएको भए पनि अहिले सत्तारुढ दलले आफ्ना कार्यकर्ताहरूलाई सरकारविरुद्ध बोल्ने स्वतन्त्रता नदिनुले सरकार लोकतन्त्रप्रति इमानदार छ भन्ने कुराको विश्वास गर्न सकिँदैन ।**

**सत्तारुढ दल यत्ति अघि बढेको छ कि अब सरकारविरुद्ध भ्रम छर्ने नेता तथा कार्यकर्तामाथि कारबाही गर्ने पक्षमा पुगेको छ । सत्तारुढ दलले पार्टी र सरकारविरुद्ध जनतामा भ्रम छर्नेगरी पार्टी अनुशासन र पद्धतिविपरीत बोल्ने, लेख्ने तथा त्यसविपरीत भेला बैठक गर्ने काम बन्द गर्नु अधिनायकवादभन्दा अर्को केही हुनै सक्दैन । सत्तारुढ दलको जारी केन्द्रीय समिति बैठकमा पेस भएको राजनीतिक प्रतिवेदनमा सो कुराको प्रस्ताव गरिएको हो । पार्टीलाई विधि, अनुशासनमा चल्ने शक्तिका रूपमा विकास गर्न आवश्यक छ । अनुशासनहिन काम गर्नेहरूलाई कारबाहीको दायरामा ल्याउनुपर्नेछ सत्तारुढ दलको प्रतिवेदनमा उल्लेख छ । जसलाई सत्तारुढ दलले यसलाई संघीय लोकतान्त्रिक गणतन्त्रको नयाँ प्रणाली र अभ्यासको रूपमा लिइएको छ । लोकतन्त्रको गहना भनेकै वाक स्वतन्त्रता हो । तर, पार्टीको काम गराइप्रति चित्त नबुझेमा यसलाई बाहिर ल्याउन नपाउनुलाई अधिनायकवादको चरम परकाष्ठाका रूपमा हेर्दा फरक पर्दैन ।**

**सत्तारुढ दलको यस्तो निर्णयले लोकतन्त्रका लागि अनुकूल वातावरण नभएको भन्न सकिन्छ । सत्तारुढ दलले अहिले आफ्नो पार्टी सदस्यहरूलाई पार्टी र सरकारको विरोध गर्न निषेध गरेको छ । भोलि आमजनतालाई सरकारविरुद्ध केही नबोल्न निर्देशन दियो भने यसले मुलुक कतातिर लैजाला ? त्यसैले अब लोकतान्त्रिक शक्तिहरू सतर्क र जागरुक हुनु जरुरी छ । सत्तारुढ दलको यो सर्वसत्तावाद निर्णयले जनताको लोकतान्त्रिक अधिकारमाथि अँकुश लगाउने सम्भावना बढ्दै गएको छ । सरकारको यस्तो योजनालाई असफल बनाएर लोकतन्त्रको रक्षा गर्न जनता र प्रेस सचेत हुनै पर्ने बेला भएको छ । यति भए मात्र लोकतन्त्र बचाउन मद्दत मिल्ने देखिन्छ अन्यथा लोकतन्त्रको हत्या हुने देखिन्छ । सरकारले संविधानले दिएको वाक स्वतन्त्रतामाथि प्रहार गरेको छ । सत्तारुढ दलले आफ्नो दर्शन जनतामा लाद्न  खोज्ने र त्यहीअनुरूप संविधान दिन चाहने भएकाले पनि लोकतन्त्र असुरक्षित भएको देखिन्छ । जनताले लोकतन्त्रका लागि ठूलो संघर्ष मात्र गरेनन्, जनताले बलिदानी नै दिएका थिए । लोकतन्त्रको मान्यतालाई बचाउन अब जनता नै सडकमा उत्रनु पर्ने भएको छ । जुनसुकै पार्टीले पनि मुलुकलाई लोकतान्त्रिक पद्धतिमा अघि बढाउनु पर्छ ।**



▸▸ आदित्यमान श्रेष्ठ

# के हामीले संविधान नबुझेकै हो ?

नेपालको संविधान, २०७२ ले कार्यपालिकाको अधिकारलाई तीन भागमा बाँडेको छ । एउटा संघलाई छुट्ट्याएको छ भने अर्को प्रदेशमा रहेको सरकारलाई दिएको छ । तेस्रो, सरकार स्थानीय तहमा हुन्छ र उसलाई अलग्ग अधिकार दिइएको छ । यी अधिकारका क्षेत्रहरू पनि छुट्ट्याइएका छन् । तर, केही विषय यस्ता छन् जो संघ र प्रदेशको साझा अधिकारभित्र पर्छन् । केही विषय भने संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारभित्र पनि पर्छन् ।

> कार्यपालिका भनेपछि उसको निर्णय गर्ने अधिकार हुन्छ र सो निर्णय कार्यान्वयन गर्ने अधिकार पनि उसैमा निहित हुन्छ । यस्तो अधिकार प्रयोग गर्नेले आवश्यक आदेश दिन पाउँछ ।

संघीय, प्रादेशिक र स्थानीय तहका सरकारहरूले कार्यकारिणी अधिकार प्रयोग गर्न पाउँछन् । त्यसकारण संविधानले सबै तहका सरकारहरूले गर्ने शासन व्यवस्थाबारे एकै प्रकारको व्याख्या गरेको पाइन्छ । जस्तो, संघीय सरकारको बारेमा भनिएको छ, 'नेपालको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा मन्त्रिपरिषद्मा हुनेछ ।' त्यसैगरी प्रदेश सम्बन्धमा भनिएको छ, 'प्रदेशको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा प्रदेश मन्त्रिपरिषद्मा रहनेछ ।' स्थानीय तहको सम्बन्धमा पनि यही भाषा लेखिएको पाइन्छ । यसमा भनिएको छ, ' गाउँपालिका र नगरपालिकाको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा गाउँ कार्यपालिका र नगर कार्यपालिकाको हुनेछ ।'

हुन त कार्यपालिका भनेपछि उसको निर्णय गर्ने अधिकार हुन्छ र सो निर्णय कार्यान्वयन गर्ने अधिकार पनि उसैमा निहित हुन्छ । यस्तो अधिकार प्रयोग गर्नेले आवश्यक आदेश दिन पाउँछ । तर, संविधानले आदेशको कतै उल्लेख गरेको पाइँदैन । त्यसले 'सामान्य निर्देशन' को उल्लेखमात्र गरेको छ । के निर्देशन र आदेश एउटै हो ?

नेपाल प्रज्ञा प्रतिष्ठानद्वारा प्रकाशित नेपाली बृहत् शब्दकोशअनुसार निर्देशनको अर्थ निर्देश गर्ने काम अथवा कुनै काममा कुशलतापूर्वक प्रवृत्त गराउने कार्य भन्ने बताइएको छ । आदेशको अर्थ 'कुनै काम कार्यवाहीका बारेमा मन्त्री वा उच्च अधिकारीबाट दिइने निकासापुकासा वा निर्णय सम्बन्धी आज्ञा' भनेर लेखिएको छ । संविधानको अभिप्राय त आदेशलाई जनाउँछ तर लेखिएको छ 'निर्देशन' भनेर । कतै हतारोमा यस्तो हुन गएको त होइन ?

अर्को दृष्टिबाट हेर्दा संविधानमा राज्यका ' निर्देशक' सिद्धान्त, नीति तथा दायित्वबारे एउटा अलग्गै भागमा दिइएको छ । यसमा नभएको के छ ? तर, तिनीहरू सबै राज्य संचालनका मार्गनिर्देशनका रूपमा रहने छन् भनी यिनको सीमाना तोकिदिएको छ । यी यस्ता सिद्धान्त हुन् जो राज्य संचालनमा आउन पनि सक्छन् न आउन पनि सक्छन् ।

यसमा राष्ट्रिय एकता र राष्ट्रिय सुरक्षासम्बन्धी नीति, राजनीतिक तथा शासन व्यवस्थासम्बन्धी नीति, सामाजिक र सांस्कृतिक रूपान्तरणसम्बन्धी नीति, अर्थ, उद्योग र वाणिज्यसम्बन्धी नीति, कृषि र भूमिसुधारसम्बन्धी नीति, विकाससम्बन्धी नीति, प्राकृतिक साधन स्रोतको संरक्षण, संवर्धन र उपयोगसम्बन्धी नीति, नागरिकका आधारभूत आवश्यकतासम्बन्धी नीति, श्रम र रोजगारसम्बन्धी नीति, सामाजिक न्याय र समावेशीकरणसम्बन्धी नीति, न्याय र दण्ड व्यवस्थासम्बन्धी नीति, पर्यटनसम्बन्धी नीति, अन्तर्राष्ट्रिय सम्बन्धसम्बन्धी नीति आदि छन् । यी यस्ता नीति हुन् जस्बाट नेपाल एउटा स्वर्ग बनाउने चर्चा हुन्छ । तर, यी नीतिहरूका आधारमा न कसैले सरकारलाई आलोचना गर्छन् न कुनै अदालतमा यसको सुनुवाइ हुन्छ ।

के मन्त्रिपरिषद्ले दिने अथवा प्रधानमन्त्रीले दिने निर्देशन पनि त्यस्तै खालका निर्देशन हुन् ? कसरी छुट्ट्याउने र कसले छुट्ट्याउने ? यो निर्देशनको व्यवस्थाबाट राणाकालको एउटा घटनाको सम्झना हुन्छ । एउटा राणा प्रधानमन्त्रीलाई अर्को दिनको ४ बजे कतै जानु रहेछ । उनले हजुरिया जर्नेललाई सो कामको लागि एउटा बग्गी मगाउन भनेछन् ।

हजुरिया जर्नेलले आफ्नो मातहतका अधिकारीलाई ३ बजे बग्गी तैयार राख्नु भनेछन् । उनले कतै तलमाथि पर्ला भनेर एक घन्टा अगाडि नै बग्गी मगाएका रहेछन् । त्यसैगरी सो आदेश या निर्देशन बग्गी चालक कहाँ पुग्दासम्म धेरै घन्टा अगाडि आउनुपर्ने भए छ । तोकिएको दिनमा बग्गी १० बजे नै दरबारमा हाजिर भए छ ।

प्रधानमन्त्रीले सो देखेछन् र आश्चर्य मानेछन् । म त ४ बजे मात्र जाने हो, किन दसै बजे बग्गी आएर बसेछ भनेर सोधपुछ गरेछन् । त्यसपछि पत्ता लागेछ- सम्बन्धित अधिकारीहरूले एक एक घन्टा अगाडि बग्गी ल्याउन आदेश या निर्देशन दिएछन् । सो थाहा पाएर प्रधानमन्त्री बिलखमन्द भएछन् ।

कतै हाम्रा प्रधानमन्त्रीलाई पनि त्यस्तै अनुभव भएको त छैन ? किनभने प्रधानमन्त्री केपी खोलीले दिइरहेका निर्देशनलाई हेर्दा संविधानको मर्मअनुसार नै भएको रहेछ भन्ने देखिन्छ । तर, ती निर्देशनहरू कत्तिको पालना भइरहेका छन् भन्ने लेखाजोखा कहाँ र कसरी भइरहेको छ जनतालाई थाहा छैन । केही दिनअगाडि प्रधानमन्त्रीले सडक दुर्घटना न्यून गर्ने कार्ययोजना बनाएर तत्काल लागू गर्न 'निर्देशन' दिएका थिए ।

उक्त निर्देशनमा सिटभन्दा बढी यात्रु राख्न नदिने, छतमा यात्रु राख्न नदिने, निर्माण पूरा नभएका वा यातायात सञ्चालनका लागि योग्य नभएका सडकमा सञ्चालन अनुमति नदिने, चालकको क्षमता परीक्षण गर्नेजस्ता काम तत्काल गरिहाल्ने कुरा थिए । त्यसको साथमा सडक पूर्वाधार स्वीकृत गर्दा डबल लेन घटीको संरचना स्वीकृत नगर्न, सडकको डिलमा ग्रास बेरिएर अनिवार्य निर्माण गराउने, सडकमा स्पिड ब्रेकरको अनिवार्य व्यवस्था गर्ने, बस चालकको कक्षमा ध्यान अन्तै मोड्ने खालका मानिस तथा सामग्री छन् भने हटाउने आदि कुरा पनि त्यस निर्देशनमा परेका थिए ।

सो निर्देशनलगत्तै भौतिक पूर्वाधार तथा यातायात व्यवस्थामन्त्रीले सडक दुर्घटनाका कारण बारे खोज तथा अनुसन्धान गर्न दुई वटा उच्चस्तरीय समिति गठन भएको जानकारी गराए । विगतमा मुलुकभर सडक दुर्घटनाका कारण, सो सडक र स्थानको स्थितिबारे गहन अध्ययन गरी प्रतिवेदन बुझाउन स्थायी समिति गठन गरिएको रहेछ । यी सबै कार्यबाट के प्रधानमन्त्रीको निर्देशन कार्यान्वयन भएको बुझिन्छ ? के प्रधानमन्त्रीले बारंबार यसमा रुचि देखाउनुपर्ने हो ?

निर्देशनको क्रम भने अरू बढेको देखिन्छ । पुनःनिर्माण र पुनःस्थापनाको कार्य प्रगति सन्तोषजनक रहेको र बाँकी काममा देखापरेका समस्यालाई समाधान गर्दै द्रूत गतिमा पुनःनिर्माण कार्य अगाडि बढाउन प्राधिकरणलाई निर्देशन दिएको समाचार प्रकाशित भयो । प्रधानमन्त्री ओलीले परामर्श परिषद्को बैठकमा प्रस्तुत कार्यप्रगति विवरण र कार्ययोजना, सांसदले उठाएका प्रश्न र सुझावलाई संश्लेषण गर्दै प्राधिकरणलाई तीन वटा निर्देशन दिएको कुरा उल्लेख छ । प्रधानमन्त्रीले पुनःनिर्माण र पुनःस्थापनाको कार्य प्रगति सन्तोषजनक रहेको र बाँकी काममा देखापरेका समस्यालाई समाधान गर्दै द्रूत गतिमा पुनःनिर्माण कार्य अगाडि बढाउन प्राधिकरणलाई निर्देशन दिए । के यतिले प्रधानमन्त्रीको कर्तव्य पूरा हुने हो ?

जहाँसम्म 'नियन्त्रण' गर्ने कार्य छ त्यो पनि द्रूत गतिमा अगाडि बढेको देखिन्छ । सूचना प्रविधि विधेयकले ५ वर्ष कैद गर्न र १५ लाख रूपैयाँसम्म जरिवाना गर्न सक्ने भएपछि वाक् र प्रेस स्वतन्त्रता स्वतः नियन्त्रित हुनेभएको छ । त्यसको फैसला कुनै अदालतले नगरेर सरकारले नै गठन गर्ने तीन जनाको समितिले गर्ने व्यवस्था हुन लागेको रहेछ । यो कदम पनि संविधानअनुरूप नै हुन लागेको होला । त्यस्तै नेपाल विशेष सेवा विधेयकले पनि नेपालका कुनै पनि व्यक्तिको सञ्चार सञ्जालको अनुगमन, निगरानी र आवश्यकता अनुसार विषय वस्तु प्राप्त गर्न सक्ने भएको छ ।

> सूचना प्रविधि विधेयकले ५ वर्ष कैद गर्न र १५ लाख रूपैयाँसम्म जरिवाना गर्न सक्ने भएपछि वाक् र प्रेस स्वतन्त्रता स्वतः नियन्त्रित हुनेभएको छ

जहाँसम्म सञ्चालनको प्रश्न छ त्यसको राम्रो नमुना नेपाल ट्रस्टको सम्पत्तिको व्यवस्थापनमा देखिन्छ । गोकर्ण रिसोर्ट बारे जति विवाद भएको छ त्यस सम्बन्धमा एउटा श्वेतपत्र ल्याउने जानकारी दिइएको छ । तर, बुझ्न नसकिने कुरा के छ भने प्रधानमन्त्रीको पद न्यायसम्बन्धी होइन । को दोषी हो को होइन भन्ने छुट्ट्याउने काम त न्यायपालिकाको हो । तर, प्रधानमन्त्रीले रवीन्द्र अधिकारी वाइड बडी काण्डमा निर्दोष छन्, वालुवाटार जग्गा काण्डमा विष्णु पौडेल निर्दोष छन् र गोकर्ण रिजोर्टको सञ्चालन पनि कानुन सम्मत छन् भनेरभन्दा कता कता अप्ठेरो लाग्दैन ? सूत्रेलाई त लाग्छ तर भत्रेलाई पनि लाग्नुपर्ने होइन ? बाह्रखरी

## मननयोग्य

# बुद्धिमानीको लक्ष्य

आफ्ना इन्द्रीय र मनलाई दमन गर्ने र जसले अपराध गर्दछ त्यसलाई दण्ड दिने, कुनै पनि काम गर्दा सूक्ष्म तवरले जाँच पड्ताल गरेर मात्र कार्य गर्ने व्यक्ति धीर पुरुष मानिन्छ उसकहाँ सधैं लक्ष्मीले बास गर्दछिन् । जसरी बग्गी (रथ) मा चढेर यस संसारमा लामा-लामा मूल सडकलाई पार गर्दै सजिलैसँग समयमै गन्तव्यमा पुगिन्छ । बग्गी दगुराउनका निमित्त बग्गीको पांग्रासहितको बोडी, सिट आदि र बग्गीलाई खिच्नका लागि घोडाहरूसमेत चाहिन्छन् अनि सारथिले बग्गी र घोडाहरूलाई आफ्ना नियन्त्रण (अधीनमा) लिएर मूल बाटोमा बग्गीलाई गुडाएर आफ्नो गन्तव्य स्थलमा पुऱ्याउँदछ । शरीर पनि बग्गी समान छ, मानिसको बुद्धि सारथि हो । इन्द्रस्यहरू घोडा समान छन् । इन्द्रीयरूपी घोडाहरूलाई नियन्त्रणमा राखी बग्गीलाई हिँडाउने बुद्धिमान् र चतुर पुरुषले आफ्नो लक्ष्यलाई सजिलैसँग हासिल पनि गर्दछ । धीर पुरुष रथी समान होशियार सवार हो । उसले इन्द्रीयरूपी घोडाहरूलाई नियन्त्रण गर्दै सजिलैसँग बग्गीका सहयोगले मूल बाटोमा दगुरेर आफ्नो गन्तव्य स्थलमा पुग्ने गर्दछ । नसधाएका एवं उच्छुंखल भएका घोडाहरूले प्रमादी वा बेहोसी सारथिलाई नाश गरेझैं इन्द्रीय दमन गर्न नसक्ने गर्न नसक्ने व्यक्तिलाई उसका आफ्नै इन्द्रीयहरू नै नष्ट गर्न पर्याप्त हुन्छन् ।

इन्द्रीयहरूलाई नियन्त्रणमा राख्न नसक्नाले अर्थलाई अनर्थ र अनर्थलाई अर्थ सम्झने अज्ञानी व्यक्तिले ठूलो दुःखलाई पनि सुख नै ठान्ने गर्दछ । जसले धर्म र अर्थलाई परित्याग गरेर आफू इन्द्रीयको वशमा पर्दछ त्यस्ताले तुरुन्तै ऐश्वर्य, धन, स्त्री र प्राणैसमेत गुमाउनु पर्दछ ।

जो मानिस अतुल सम्पत्तिको मालिक हुँदाहुँदै पनि इन्द्रीयहरूलाई आफ्नो कब्जामा राख्न नसक्नाक कारणले ऐश्वर्यभ्रष्ट हुन पुग्दछ । मानिसले मन, बुद्धि र इन्द्रीयहरूलाई आफ्नो कब्जामा राखेर आफूले आफैंलाई बुझ्ने चाहना राख्ने गरोस् । किनभने मानिसको आत्मा नै उसको मित्र (बन्धु) र शत्रु पनि हो ।

विदुर नीतिबाट

## पत्र–मञ्जुषा

# दलहरू अनियन्त्रित हुने छुट छैन

**प्रिय सम्पादकज्यू,**

राजनीतिक दलहरूमा अनुशासन नै देखिएको छैन । राजनीतिक दलका नेताहरूले भन्ने बेला एउटा भन्ने र गर्ने बेलामा अर्को काम गर्दै आएको देखिन्छ । यसो गर्दा केही समयका लागि छलकपटले काम गरे पनि कालान्तरमा यसले घाटा पुऱ्याउने देखिन्छ । अहिले दलहरू आफूले केही काम गर्न नसक्ने तर अरुलाई गाली गरेर समय काट्ने गरिरहेको देखिन्छ । जनताको काम गर्न छाडेर अर्को दललाई गाली गर्ने दलहरूले आफू सुध्रिनुपर्छ भन्ने हेक्का भने राखेको देखिँदैन । अब राजनीतिक दलहरूबीच चल्दै आएको आरोप प्रत्यारोपलाई त्यागेर सहकार्यमा लाग्न आवश्यक देखिएको छ । मुलुकमा दलहरूले भनेजस्तै गरी संविधान आएको छ । त्यस्तै दलहरूले भनेको गणतन्त्र आएको छ । दलहरूकै भाषामा दलहरूलाई अल्मलाउने राजतन्त्र अब मुलुकमा छैन । त्यसो भए किन मुलुकमा विकास हुन सकेन ?

नेताहरूले भनेजस्तो शासन सत्तामा आइसकेको अवस्थामा अब दलहरूले राजनीतिक बेथितिको अन्त्य गर्नैपर्छ । अब दलहरूले भनेजस्तै गरी विकास निर्माण, जनताको आर्थिक अवस्था नसुध्रिने हो भने व्यवस्थाको अन्त्यको कुनै अर्थ हुने छैन । दलहरूकै चाहना र जनताको साथमा मुलुक लोकतान्त्रिक गणतन्त्रमा गइसकेको अवस्थामा सरकारमा बस्ने दलहरूले यो या त्यो भन्दै अर्को दललाई गाली गलौजमा मात्र उत्रिने गर्नु सुहाउँने कुरा होइन । राजनीतिक पार्टी पनि आपसमा आरोप प्रत्यारोप छाडेर बेथितिविरुद्ध एउटै आवाजसहित सहकार्य र उत्पादनतर्फ लाग्नुपर्ने समय आएको छ । दलहरूको अनेकौं नाटकका कारण मुलुकमो अर्को शासन व्यवस्था आयो भने त्यसको जिम्मेवारी पनि राजनीतिक दलहरूले नै लिनुपर्छ । अहिलेसम्म जनताले दलहरूको आसमा चुपचाप देखिएका छन् । जुन दिन जनताको मनको बाँध भत्किन्छ, त्यसबेला नेताहरूका लागि निक्कै महँगो सावित हुन सक्छ ।

अहिलेको सरकारले समृद्धिको नारा लिएर अघि बढेको छ । यसका लागि विकासको पूर्वाधारहरूको निर्माण आवश्यक देखिएको छ । कृषि, शिक्षा, स्वास्थ्यलगायत क्षेत्रमा प्रविधिको प्रयोग गरेर आमूल परिवर्तन गर्न सरकारले अब ढिला गर्नु हुँदैन । अब सरकारको ध्यान आर्थिक समृद्धितर्फ केन्द्रित हुनुपर्छ । देशलाई आत्मनिर्भर बनाउन कृषि नै पहिलो आधारशीला भएकाले सरकारले पनि यहि तवरबाट अघि बढ्न छाड्नु हुँदैन । आर्थिक विकासकै लागि यसै आर्थिक वर्षको बजेटमा कृषि, पर्यटन, ऊर्जा र यातायात गरी चारवटा पिलर (स्तम्भ) लाई लिएर विकासको गतिमा अगाडि बढ्ने सरकारले योजना बनाउन सक्नुपर्छ । समृद्धि सजिलो कुरा होइन, भाषणमा समृद्धि ल्याउनु र व्यवहारमा समृद्धि ल्याउनु भिन्दाभिन्दै कुरा हुन् । त्यसैले व्यवहारमा समृद्धि ल्याउन सरकारले पूर्ण रूपमा वनावटलाई नै फेर्न सक्नुपर्छ । समृद्धिका लागि प्राकृतिक स्रोत साधन तथा मानवीय क्षमताको प्रयोग गर्न सक्नुपर्छ । त्यसका लागि दलहरूबीच नै एकताको भावना बोक्न सक्नुपर्छ ।

श्याम खत्री
भक्तपुर ।

### जानकारी

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Laborer | 2 | 0 | 900 | २८,१३४ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Driver | 1 | 0 | 1400 | ४३,७६४ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाण्डौं, मिति: माघ २४, २५ गते अर्थात (7, 8 Feb. 2020) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/– रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रोजगारदाता आफैले सेवा शुल्क: १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Sunlight Recruitment Service Pvt.Ltd.**
श्रम ईजाजत नं. ११८९/०७३/०७४
Kathmandu, Nepal Tel.01-4620777
E-mail: sunlightrecruitmentservice@gmail.com
Website : www.sunlightrecruitment.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : PRIVATE GENERAL CONTRACTING

पूर्व स्वीकृति मिति २०७६/१०/१५ LT. No. 232120 चलानी नं. ६०१५०८०४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 150 | 0 | 900 | २८,१३४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 20 | 0 | 1100 | ३४,३८६ | | | | | | | |
| 3 | Heavy Vehicle Driver | 30 | 0 | 2200 | ६८,७७२ | | | | | | | |
| 4 | Heavy Equipment Driver | 17 | 0 | 2200 | ६८,७७२ | | | | | | | |
| 5 | Driver | 15 | 0 | 1700 | ५३,१४२ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाण्डौं, मिति: माघ २३ गते अर्थात (6 Feb. 2020) मा हुनेछ ।

कम्पनी : AL ARZ AUTOMATIC BAKERY

पूर्व स्वीकृति मिति २०७६/१०/१५ LT. No. 232117 चलानी नं. ६०१५०८२४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | PORTER | 4 | 0 | 900 | २८,१३४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाण्डौं, मिति: माघ २४ गते अर्थात (7 Feb. 2020) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/– कामदार आफैंले | कामदार आफैंले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Lucky Human Resource Pvt.Ltd.**
श्रम ईजाजत नं. १३०२/०७४/०७५
G. P. O. Box : 815, Mitrapark, Chabahil-7 Kathmandu, Nepal Tel : +977-1-4489401, 4489501
E-mail: luckyhumanhr@gmail. Website : www.luckyhumanresource.com.np



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL MNJZ LLTNZFAT AL-AHH WALDYYAFH

पूर्व स्वीकृति मिति २०७६/१०/१५ LT. No. 231457 चलानी नं. ६०१५०७६८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | GEN.CLEAN.WORKER | 4 | 0 | 900 | २८,१३४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाण्डौं, मिति: माघ २३ गते अर्थात (6 Feb. 2020) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/– कामदार आफैंले | कामदार आफैंले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**GRACE OVERSEAS PVT. LTD.**
Govt. License 852/066/067
Chappalkarkhana-04, Kathmandu, Nepal. P.O.Box No.: 3078, Tel : +977-01-4426852
Email: graceoverseasuj@gmail.com, Web: www.graceoverseas.com.np



## साउदी/कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MEGA AL THORYA GEN.CONT.EST.

पूर्व स्वीकृति मिति २०७६/१०/१५ LT. No. 232052 चलानी नं. ६०१५०८०३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Furniture Carpenter | 2 | 0 | 1400 | ४२,४७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : MEGA PROJECTS CONTRACTING CO.

पूर्व स्वीकृति मिति २०७६/१०/१५ LT. No. 232103 चलानी नं. ६०१५०८००

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 1 | 0 | 1400 | ४२,४७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ZUE FOR PET SUPPLIES COMPANY W.L.L.

पूर्व स्वीकृति मिति २०७६/१०/१५ LT. No. 232007 चलानी नं. ६०१५०७९८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | SALES LADY | 0 | 10 | 130 | ४८,७०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | CLEANERS | 0 | 10 | 100 | ३७,४६२ | | | | | | | |
| 3 | GROOMERS | 0 | 10 | 230 | ८६,१६३ | | | | | | | |
| 4 | DOG TRAINERS | 0 | 6 | 280 | १,०४,८९४ | | | | | | | |
| 5 | VETERINARY | 0 | 1 | 380 | १,४२३५६ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाण्डौं, मिति: माघ २४ गते अर्थात (7 Feb. 2020) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/– रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रोजगारदाता आफैले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**OZONE OVERSEAS SERVICE PVT. LTD.**
श्रम ईजाजत नं. ४४८/०६०/०६१
Airport, Kathmandu, Nepal, Tel No. 01-4112794, 4112795
E-mail : contact@ozoneoverseas.com, www.ozoneoverseas.com

प्रभाव दैनिक
National Daily

बिहीबार, १६ माघ २०७६ (Thursday, January 30, 2020)




## समीरको 'निरमाया'

गायक समीर मोक्तानको 'निरमाया-२' बोलको गीत आएको छ । यसअघि 'निरमाया' ल्याएका उनले त्यसैको संस्करण ल्याएका हुन् । डिपी खनालको शब्द र शंकर थापा 'स्माईल'को संगीत रहेको गीतमा मनिषा पोखरेलको पनि आवाज छ । यस गीतको भिडियोमा सागर लम्साल 'बले' र कविता नेपालीलाई फिचर गरिएको छ ।





# सन्नी अब निर्मात्री

■ प्रभाव संवाददाता

**काठमाडौं–** बलिउड अभिनेत्री सन्नी लियोन निर्माता समेत हुने भएकी छन् । उनी निर्मित पहिलो फिल्मको हाल सुटिङ सुरु भइसकेको जनाइएको छ ।

सन्नीले आफ्नो फिल्म आख्यानमा आधारित रहेको बताएकी छन् । उनले भनिन्, 'मेरो फिल्म यही वर्ष आउँछ । म उत्साहित छु । फिल्म आख्यान हो, यसमा कुनै सामाजिक सन्देश छैन । यो साइकोलोजिकल थ्रिलर फिल्म हो ।'

अभिनेत्री सन्नी लियोनलाई बलिउडमा अभिनेत्रीका रूपमा जम्न निकै मुश्किल परेको थियो । तर, अब उनी निर्माताका रूपमा पनि संघर्ष गर्नु पर्ने उनले बताएकी छन् ।

बलिउडमा सलमान, आमिर र शाहरूख खान वा उनीहरूकै स्तरका ठूला फिल्म बनाउनेहरूलाई बाहेक अरुलाई निश्चित बजेटमै खुम्चिनुपर्ने बाध्यता रहेको उनको भनाइ छ ।

सन्नीले भनेकी छन्, 'यदि बजेट र कथा मेरो नियन्त्रणमा हुन्छ भने मैले अरुलाई दोष दिने ठाउँ हुँदैन । यो सिद्धान्त आफैंलै लागू गर्नेवाला छु ।'

फिल्मको काममा उनका श्रीमान ड्यानियल वेबरले पनि सघाइरहेको बताइएको छन् । उनले भनिन्, 'हामीले सही मान्छे र ठाउँ चुनेका छौं । मसँग कुनै इगो पनि छैन । म त सेटमा पर्‍यो भने अरुलाई चिया बाँड्न पनि तयार छु ।' उनले आफ्ना लागि सबै काम समान भएको बताइन् । उनले फिल्म निर्माण र सुटिङ रोचक ढंगले भइरहेको समेत बताएकी छन् ।

# भूमाफियाको कथामा 'सेन्टी भाइरस'



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली फिल्म 'सेन्टी भाइरस'को ट्रेलर सार्वजनिक भएको छ । सार्वजनिक ट्रेलरअनुसार फिल्ममा राजनीतिको नाममा हुने भुमिमाथि कब्जा गर्ने 'भूमाफिया'को कथामा तयार भएको अनुमान गर्न सकिन्छ । साथै, फिल्ममा श्रीमान/श्रीमतीको नोकझोक भिन्न पार्टीमा रहँदा ठुलैरूप लिएको दृश्यलाई समेत ट्रेलरमा देखाइएको छ ।

रामबाबु गुरुङद्वारा निर्देशित यस फिल्ममा सिताराम कट्टेल,'धुर्मुस', कुञ्जना घिमिरे, दयाहाङ राई, विल्सनविक्रम राई, राजाराम पौडेल, बुद्धि तामाङ, सन्दिप क्षेत्रीलगायतका चर्चित हास्य कलाकारको अभिनय रहेको छ । सितारामकै निर्माण रहेको फिल्म 'सेन्टी भाइरस'को प्रदर्शनबाट आउने आम्दानीको एक हिस्सा रंगशाला निर्माणमा लगाइने बताइएको छ ।

सिताराम भएर रंगशाला र धुर्मुस भएर फिल्म बनाएको उनको भनाइ छ । सिताराम कट्टेल 'धुर्मुस' र कुञ्जना घिमिरे 'सुन्तली'ले निर्माण गरेको यो फिल्म आउँदो ९ फागुनबाट देशव्यापी प्रदर्शनमा आउँदैछ । यस फिल्मलाई सितारामले मात्र नभएर दर्शकले समेत महत्वका साथ लिएका छन् ।

# 'यही भर्जिन लोकेसन छन्'




■ प्रभाव संवाददाता

**काठमाडौं–** विदेशमा चलचित्रसम्बन्धी गतिविधि गर्दा घुम्न पनि पाइने र व्यापार पनि हुने धेरैको भनाइ पाइन्छ । त्यही अनुसार पछिल्लो समय अधिकांश नेपाली चलचित्र विदेशमा छायाँकन हुन थालेको छ । तर, निर्माता/निर्देशकहरू नै भन्छन्, 'नेपालमै थुप्रै भर्जिन लोकेशन छ ।'

यस्तै निर्मातामध्ये एक हुन्, नवराज श्रेष्ठ । 'विदेशमा छायाँकन गर्दैमा चलचित्रले राम्रो व्यापार गर्ने पनि होइन र विदेशमा छायाँकन गरिएको भनिएका सबै चलचित्रले राम्रो व्यापार गर्न पनि सकिरहेका छैनन्' उनको बुझाइ छ ।

एकसाथ दुई चलचित्र निर्माणको तयारीमा रहेका युवा व्यवसायी तथा निर्माता श्रेष्ठ 'भन्छन्, 'नेपालमा थुप्रै सुन्दर भर्जिन लोकेशनहरू छन् । अहिलेसम्म कसैले चलचित्र छायाँकन गर्न पुगेका छैनन् । त्यस्ता स्थानको खोजी गरि आफ्नो चलचित्रमा विल्कुलै नयाँ दृश्य कैद गर्न सक्नुपर्छ । जसले चलचित्र हेर्ने दर्शकलाई मनोरञ्जनसँगै मन आनन्दित तुल्याउँन सकोस् ।'

व्यवसायिक र दर्शकलाई हलसम्म तान्न चलचित्रमा के हुनुपर्छ ? श्रेष्ठ भन्छन्, 'राम्रो र सशक्त स्क्रिप्ट, प्रस्तुति, लोकेशन, निर्देशन, गीत/संगीत, कलाकार, कलाकारको अभिनय आदि । एउटा राम्रो चलचित्रका लागि राम्रो स्क्रिप्ट र सशक्त ढंगले प्रस्तुति गर्नुपर्ने भन्ने नै अधिकांश दर्शकको भनाइ रहेको पाइन्छ । यो कुरा सही जस्तो लाग्छ ।'

आफ्नो व्यापार, व्यवसायीमा स्थापित बनिसकेका श्रेष्ठ बिभिन्न संघ, संस्थाबाट समेत सम्मानित भइसकेका छन् । चलचित्र निर्माण यात्रा भने उनको यो पहिलो हो । उनले निर्माण गर्ने भनिएको दुई चलचित्रमध्ये ऐतिहासिक बिषयवस्तुमा आधारित 'अशोका' र समसामयिक कथावस्तुमा 'श्रृंगार' रहेको छ ।

छायाँकन पुर्वको प्राबिधिकपक्ष सम्पूर्ण तयारी पूरा भएपनि केही कलाकार छनोटमा समस्या आएका कारण फ्लोरमा जान ढिला भएको उनले बताए ।



### सहिद स्मारक 'ए' डिभिजन लिग

# मनाङको संकटामाथि शानदार जित




■ प्रभाव संवाददाता

**काठमाडौं –** जारी सहिद स्मारक 'ए' डिभिजन लिग फुटबलको बुधबार सम्पन्न खेलमा साविक विजेता मनाङ मर्स्याङ्दी क्लबले संकटा क्लबलाई पराजित गर्दै ३ अंक जोड्न सफल भयो ।

आत्मघाती गोलबाट अग्रता लिएको मनाङले एन्फा कम्प्लेक्स सातदोबाटोमा सम्पन्न खेलमा अन्य २ गोल अन्जन विष्ट र निशान लिम्बुको गोलको मद्दतले साविक उपविजेता संकटा क्लबलाई ३-० गोल अन्तरले पराजित गरेको हो ।

खेलको ४२ औं मिनेटमा अमित तामाङको आत्मघाती गोलबाट मनाङले सुरुवाती अग्रता बनाएको थियो । अन्जनको हेड बल क्लियर गर्ने क्रममा अमितले आफ्नै पोस्टमा गोल गरेका थिए ।

त्यसको एक मिनेट नबित्दै ४३ औं मिनेटमा अन्जनले गोल गर्दै मनाङलाई २-० को अग्रता दिलाए । त्यसपछि खेलको ७१ औं मिनेटमा निशानले डिबक्स नजिकैबाट उत्कृष्ट गोल गर्दै मनाङलाई ३-० को सहज जित दिलाए । खेलमा मनाङका अन्जन म्यान अफ दि म्याच चुनिए ।

जितपछि मनाङका प्रशिक्षक धनेश्वर प्रजापतिले लिगको आठ खेलपछि टिमले उत्कृष्ट खेलेको बताए । '८ खेलपछि राम्रो खेल भयो । यहि मैदानमा ट्रेनिङ गर्न पाए राम्रो हुन्छ । अहिले सम्मकै सबैभन्दा राम्रो खेल्यौं,' प्रजापतिले भने, 'खेलाडी प्रेणित भएका छन् । यसलाई निरन्तरता दिनु पर्छ । यो सिजन निकै कठिन छ । अर्को खेल पनि कठिन हुन्छ ।'

संकटाका प्रशिक्षक विजय महर्जनले पहिलो हाफको अन्तिम समयमा दुई गोल खाएपछि खेलमा फर्किन कठिन भएको बताए । संकटाविरुद्ध गोल गरेपछि हेलिकप्टर दुर्घटनामा निधन भएका बास्केटबलका महान खेलाडी कोबी ब्रायन्टलाई सम्झदै मनाङका खेलाडी । जितसँगै लिगमा मनाङले अपराजित यात्रा कायम राखेको छ । मनाङ लिगमा अपराजित रहने एक्लो टिम हो ।

संकटालाई हराएसँगै मनाङले ९ खेलमा १९ अंक जोडेको छ । मनाङ तेस्रो स्थानमा रहेको छ । दोस्रो स्थानको मछिन्द्र फुटबल क्लबसँग समान अंक भएपनि मनाङ गोल अन्तरमा पछि रहेको छ । शीर्ष स्थानको त्रिभुवन आर्मी क्लबको २० अंक रहेको छ । संकटा १२ अंक जोडेर आठौं स्थानमा रहेको छ ।

बिहीबार लिगका २ खेल हुनेछन् । पहिलो खेलमा फ्रेण्ड्स र च्यासल तथा दोस्रो खेलमा न्यूरोड टिम एनआरटी र ब्रिगेड ब्वाईजबीच प्रतिस्पर्धा हुनेछ ।

# सुदुरपश्चिम-११ क्लब र पिएफए अत्तरिया सेमिफाइनलमा




■ प्रभाव संवाददाता

**धनगढी –** सुदुरपश्चिम-११ स्पोर्टस क्लब र पिएफए अत्तरिया भीडब्लु प्रदेश स्तरीय महिला तथा पुरुष फुटबल प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेका छन् । धनगढीको जुगेडामा बुधबार पहिलो खेलमा सुदुरपश्चिम(११ स्पोर्टस क्लबले हसनपुर युवा क्लवलाई ५-० ले हराएको छ । सुदुरपश्चिमको जितमा विदेश खेलाडी ग्लोरीले ह्याट्रिकसहित चार गोल गरे । यस्तै भरत टमट्टाले एक गोल गरे ।

यस्तै दोस्रो खेलमा अत्तरियाले फारवेष्ट पशुपति युवा क्लबलाई २-० ले हरायो । अत्तरियाका लागि जीवन चौधरीले दुई गोल गरे ।

मनकामना युवा क्लबको आयोजनामा जारी प्रतियोगिता अन्तर्गत बिहिबार पुरुषतर्फका दुई खेल हुनेछन् । पहिलो खेलमा मनकामना युवा क्लब बी र स्टार सिटी तथा दोस्रो खेलमा मनकामना युवा क्लब 'ए' र मदरल्याण्ड युथ क्लबबीच प्रतिस्पर्धा हुनेछ ।

प्रतियोगितामा महिलातर्फका खेल भने माघ १७ गतेदेखि सुरु हुने आयोजक मनकामना युवा क्लबले जनाएको छ । प्रतियोगितामा पुरुषतर्फ १६ र महिलातर्फ ७ टीमले सहभागीता जनाएका छन् ।

प्रतियोगिताको पुरुषतर्फको विजेताले ७५ हजार तथा उपविजेताले ४१ हजार पाउने छन् । त्यस्तै महिलातर्फको विजेताले २० हजार तथा उपविजेताले १० हजार पाउने छन् ।

**काठ/दाउरा लिलाम विक्री सम्बन्धी सूचना**

**प्रकाशित मिति : २०७६/१०/१६ गते**

**य बागढु॥गा ामुदायिक वन उपभोक्ता मुहको वन क्षेत्रबाट आर्थिक बर्ष ०७६/०७७ मा वन डिभिजन कार्यालय पहलमानपुरको आदेशमा कलित तथा उत्पादित काठ/दाउरा घाटगद्दीमा विभिन्न लटमा विभाजित निम्न परिमाणको काठ दाउरा जे जस्तो अवस्थामा छ ोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि जिल्ला बाहिरका व्यक्तिहरूलाई लिलाम बिक्री गर्नु पर्ने भएकाले यो ूचना प्रकाशित गरिएको छ। ईच्छुक व्यक्ति ,ंघ,ंस्था फर्म वा कम्पनीले यो ूचना प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गर्नहुन ूचित गरिन्छ। आवश्यक जानकारीका लागि य ामुदायिक वनमा म्पर्क राख्न किने छ।**

**तपलि :**

| ि.नं | जात | परिमाण क्यू.फि. | थान | कैफियत |
|---|---|---|---|---|
| १. | ाल | १०,९५६ | १४७४ | |

**अध्यक्ष**
**श्री बागढुङ्गा सामुदायिक वन उपभोक्ता समुह, कैलाली**

# अमेरिकी राष्ट्रपति ट्रम्पद्वारा मध्यपूर्व शान्ति योजना सार्वजनिक



**वासिङ्टन**–अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले लामो समयदेखि अपेक्षा गरिएको उनको मध्यपूर्व शान्ति योजना सार्वजनिक गर्दै जेरूसलेमलाई इजरायलको अविभाजित राजधानी कायम राख्ने वाचा गरेका छन् ।

मध्यपूर्व शान्ति योजना इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुको उपस्थितिमा ह्वाइट हाउसमा सार्वजनिक भएको हो । उनले आफ्नो योजनालाई प्यालेस्टाइनीको निम्ति अन्तिम मौका पनि भनेका छन् ।

शान्ति योजनाको संयुक्त घोषणा त्यतिखेर भएको छ जतिखेर ट्रम्प र नेतान्याहु दुवैले आन्तरिक राजनीतिक चुनौती बेहोरिरहेका छन् । राजनीतिक विश्लेषकले योजनालाई दुबैले आफ्नो निर्वाचन अभियानमा भोट जम्मा गर्ने रणनीतिका रूपमा अर्थ्याएका छन् ।

शान्ति योजनामा इजरायलले ' महत्वपूर्ण भौगोलिक सम्झौता' गर्ने र प्यालेस्टिनी राज्यको इलाकालाई युद्धमार्फत् इजरायलले कब्जा गरेको जेरूसेलमसहितको प्यालेष्टिनी भूमि बराबर दिने प्रस्ताव गरिएको छ । झट्ट हेर्दा यसलाई आपसी सहमतिमा जमिनको सट्टापट्टा गरी इजरायल र प्यालेष्टिनीबीचको विवादलाई अन्त्य गर्ने योजनाजस्तो मान्न सकिन्छ । योजनासँगै सार्वजनिक गरिएको अवधारणात्मक नक्शाले प्यालेटिनी राज्यले दावी गर्दै आएको भूगोललाई छुट्टाएको देख्न सकिन्छ । योजनामा इजरायली र प्यालेष्टिनी समुदायको वस्तीहरूलाई जोड्न दुबै पक्षले अनुकुलता अनुसार पुल, सुरूङ तथा सडक मार्ग, जसलाई 'व्यवहारिक यातायात समाधान' भनिएको छ,को व्यवहारिक आदानप्रदानको धारणा पेश भएको छ । यसो गर्दा वेस्ट ब्याङ्कको एक चौथाई जमिन रहेको जोर्डन भ्यालीमा इजरायली पक्षको सार्वभौमसत्ता कायम रहनेछ ।

सम्बोधनमा ट्रम्पले भने, 'आजको सम्झौता प्यालेस्टिनीलाई उनीहरूको स्वतन्त्र राज्य स्थापनाको सपना सार्थक पार्ने ऐतिहासिक अवसर हो । सत्तरी वर्षदेखि कुनै प्रगति नभएको सन्दर्भमा यो उनीहरूलाई अन्तिम मौका हुन सक्छ ।'

इजरायली नेता बेन्जामिन नेतन्याहुको यहुदी वस्ती विस्तार र जेरूसेलमलाई अविभाजित राजधानी बनाउने कडा नीतिको पक्षमा शान्ति योजना आएपछि यसले प्यालेष्टिनीको आफ्नो स्वतन्त्र राज्य निर्माणको आशालाई असम्भव हुने अवस्था देखिएको छ ।

योजनालाई इजरायली प्रधानमन्त्री नेतन्याहुले ऐतिहासिक उपलब्धि भनी भन्नुभएको छ । यो प्यालेष्टाइनसँगै मध्य पूर्वका अन्य मुलुकका लागि बृहत् अवसर हो । 'यो इजरायलका लागि र मध्यपूर्वका लागि बृहत् योजना हो ।'

संसारको सबभन्दा लामो समयदेखि जारी द्वन्द्वलाई समाधान गर्न प्रस्तावित उक्त योजनाको मस्यौदा राष्ट्रपति ट्रम्पका छोरी ज्वाइँ ज्यारेड कुश्नरको अगुवाइमा भएको हो । ट्रम्पले स्वतन्त्र प्यालेस्टाइन राज्य तथा वेस्ट ब्याङ्कका वस्तीमाथि इजरायलको सार्वभौमिकता पनि प्रस्ताव गरेका छन् ।

यसैबीच, अमेरिकी योजनालाई प्यालेस्टिनी प्रधानमन्त्री महमुद अब्बासले प्यालेष्टिनी समुदाय विरूद्धको 'षडयन्त्र' भन्दै अस्वीकार गरेका छन् । 'म ट्रम्प र नेतान्याहुलाई भन्छु । जेरूसलेम विक्रीमा छैन । हाम्रा सबै अधिकार विक्रीमा छैनन् न त त्यसमा लेनदेन हुन्छ । यो षडयन्त्र सफल हुँदैन,' रमल्लाहमा टेलिभिजनमार्फत् सम्बोधन गर्दै उनले भने ।

मंगलवार गाजा क्षेत्रमा हजारौं प्यालेस्टाइनीले विरोध प्रदर्शन गरेका थिए । योजना सार्वजनिक गर्ने तयारीसँगै इजरायली सेनाले इजरायल अधिनस्थ वेस्ट ब्याङ्कमा सैन्य उपस्थिति थप बलियो पारेको छ ।

साउदी अरेबिया र इजिप्टले ट्रम्पको योजनाको स्वागत गरेका छन् । साउदी अरेबियाका राजा सलमानले प्यालेस्टाइनी राष्ट्रपतिलाई टेलिफोन गरेर आफ्नो देश प्यालेस्टिनी मुद्दाप्रति कटिबद्ध रहेको पनि बताएका छन् ।

इजिप्टले प्यालेस्टाइन तथा इजरायल दुवैलाई राष्ट्रपति ट्रम्पको शान्ति योजना सचेततापूर्ण विचार गर्न र वार्ता पुनः शुरु गर्न आह्वान गरेको छ । इजिप्टको विदेश मन्त्रालयले विज्ञप्तिमार्फत् उक्त आह्वान गरेको छ ।

जोर्डनले भने मध्यपूर्वमा शान्ति स्थापना गर्ने एउटै बाटो भनेको सन् १९६७ भन्दा अघिको सिमाना बमोजिम स्वतन्त्र प्यालेस्टाइन राज्यको स्थापना हो भनेको छ । इजरायलले वेस्ट ब्याङ्क तथा गाजा क्षेत्रलाई सन् १९६७ पछि कब्जा गरेको थियो ।

लेबननस्थित इरान समर्थित हेज्बोल्लाह समूहले ट्रम्पको योजनाले प्यालेस्टाइनी शरणार्थीको फिर्ता हुने अधिकार तथा प्यालेस्टाइनी जनताको भूमिअधिकार हनन गर्ने भन्दै त्यसलाई थोपर्ने प्रयास भनेको छ । (रासस/एपी)

## कम्बोडियाली अर्थतन्त्र ७.१ प्रतिशतले बढ्ने प्रक्षेपण

**नोमपेन्ह**–कम्बोडियाको अर्थतन्त्र सन् २०२० मा सुदृढ रहने आसियान अनुसन्धान कार्यालय (आम्रो)ले प्रक्षेपण गरेको छ ।

आम्रोका अनुसार मुलुकको कूल गार्हस्थ्य उत्पादन सन् २०१९ र २०२० मा करिब ७.१ प्रतिशतको स्थिर अवस्थामा रहने छ । मुलुकको सुदृढ निर्माणकार्य, बलियो घरेलु लगानी वृद्धि तथा बढ्दो घरेलु मागका कारण अर्थतन्त्रमा सकारात्मक प्रभाव परेको हो ।

मुद्रास्फिती भने यस वर्ष २.३ प्रतिशतले वृद्धि हुनेछ जुन गत वर्षको २.१ प्रतिशतभन्दा केही बढी हो । आम्रोले बुधबार जारी गरेको विज्ञप्तिमा एउटा क्षेत्रमा अर्थतन्त्र बढी निर्भर रहेकाले त्यसलाई विस्तार गर्नुपर्ने उल्लेख छ ।

कम्बोडियाको बजार खासगरी युरोपेली मुलुकमा मात्र केन्द्रित रहेको छ ।

युरोपेली युनियनले कम्बोडियासँगको व्यापारमा कटौती गरेमा त्यसले कम्बोडियाली अर्थतन्त्रमा गम्भीर असर पुर्‍याउने आम्रोको भनाइ छ ।

युरोपेली युनियनले गत वर्ष फेब्रुअरीमा कम्बोडियाको मानव अधिकार र श्रम अधिकारसम्बन्धी विषयमा चासो व्यक्त गर्दै कम्बोडियामा यी दुई क्षेत्रमा सुधार गर्न चेतावनी दिएको थियो । युनियनले कम्बोडियाले यी दुई क्षेत्रमा पर्याप्त सुधार नगरे स्वतन्त्र व्यापार पहुँच नदिने बताएको थियो ।

अतिकम विकसित मुलुकको सूचीमा परेको कम्बोडियालाई युनियनले केही दशकदेखि हातहतियार र गोलाबारुद बाहेकका सबै किसिमका वस्तुलाई युरोपेली बजारमा भन्सार छुट (डचुटी-फ्री)मा प्रवेश दिएको छ ।

युरोपेली युनियनमा कम्बोडियाबाट सन् २०१८ मा करिब पाँच अर्ब ८६ करोड अमेरिकी डलरको सामान निर्यात भएको थियो ।

तीमध्ये तयारी पोशाक र जुत्ताचप्पलको निर्यात करिब दुई तिहाइ रहेको थियो ।

यस क्षेत्रमा करिब एक हजार १०० कारखाना रहेका र त्यहाँ करिब सात लाख ५० हजारले रोजगारी पाएका छन् ।

गत वर्ष मार्चमा कम्बोडिया सरकारले युरोपेली बजारको परनिर्भरता हटाउन विभिन्न सुधारका कदम घोषणा गरेको थियो । (रासस/सिन्ह्वा)

## पाकिस्तानद्वारा अफगानिस्तानसँगको मुख्य नाका बन्द

**इस्लामावाद**–पाकिस्तानले छिमेकी मुलुक अफगानिस्तानसँगको मुख्य नाका 'अनिश्चितकाल'का लागि बन्द गरेको छ । अफगानिस्तान र पाकिस्तानबाट आवतजावत गर्ने मुख्य नाकाका रूपमा रहेको तोर्खाम नाका पाकिस्तानले 'अस्थायी' रूपमा बन्द गरेको हो ।

'सुरक्षाको कारण' देखाउँदै नाका बन्द गरिएको सरकारी अधिकारीहरूले बुधबार जानकारी दिएका छन् । पाकिस्तानको विदेश मन्त्रालयका प्रवक्ता अइशा फारुक्वीले अफगानिस्तानसँगको नाकास्थलमा आवतजावत गर्न नमिल्ने गरी बन्द गरिएको बताए ।

'हामीले अफगानिस्तानसँग कुराकानी गर्ने र सम्पर्क गर्ने गरिरहेका छौँ, अहिले बन्द गरिएको नाका चाँडै नै खुला हुन्छ भन्ने विश्वास लिएका छौँ', उनले भने । नाका बन्द भएपछि पाकिस्तान तथा अफगानिस्तान दुवैतर्फ ठूलो सङ्ख्यामा आम नागरिक तथा सवारी साधनहरू अलपत्र परेको पत्रकार राहत शिन्वारीले सिन्ह्वालाई जानकारी दिए । 'नाका अहिले बन्द अवस्थामा रहेको छ', शिन्वारीले भने ।

अफगानिस्तानको पूर्वी नानगार्हार प्रान्तका अधिकारीहरूले पनि सीमानाका बन्द गरिएको पुष्टि गरेका छन् । नानगार्हारका प्रवक्ता अतुल्लाह खोग्यानीले दुवै देशका अधिकारीहरूका बीचमा कुराकानी भइरहेको जानकारी दिए । उनीहरूले नाका पुनः खुला गर्ने बारेमा पनि कुरा गर्नुभएको खोग्यानीको भनाइ छ । (रासस/सिन्ह्वा)


## फिक्कल गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय खाङ्साङ् , सिन्धुली

बागमती प्रदेश, नेपाल

visit Nepal 2020 Lifetime Experiences

**विषयः करार सेवामा पदपूर्ति गर्ने सम्बन्धी सूचना ।**

प्रकाशित मितिः २०७६/१०/१६

यस गाउँपालिकाको लागि आवश्यक रोजगार संयोजक (छैंटौं तह सरह) पद संख्या १ (एक) करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकोले नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह उत्तीर्ण गरेको, दरखास्त दिने अन्तिम मितिमा २१ वर्ष पूरा भई ४५ वर्ष ननाघेको लगायतको योग्यता भएको व्यक्तिले रु १०००/रकम बराबरको दस्तुर र आवश्यक योग्यताका प्रमाणपत्रका प्रतिलिपि सहित यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस कार्यालयमा दरखास्त पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । साथै विस्तृत जानकारीका लागि यस गाउँपालिकाको सूचना पाटी र वेवसाइट (www.phikkalmun@.gov.np हेर्नु हुन होला ।

प्रमुख प्रशासकीय अधिकृत



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ABDUL RAHMAN AL- OTAISHAN & SONS GROUP CO. LLC

पूर्व स्वीकृति मिति २०७६/१०/१५ | LT. No. 231975 | चलानी नं. ६०१५०७५९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | PLUMBER | 2 | 0 | 1200 | ३६,४०८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | SMITH | 2 | 0 | 1200 | ३६,४०८ | | | | | | | |
| 3 | MASON | 2 | 0 | 1200 | ३६,४०८ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः मेनपावर कार्यालय काठमाण्डौ, मितिः माघ २४ गते अर्थात (7 Feb. 2020) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/- रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रोजगारदाता आफैले **सेवा शुल्कः** १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Rising Recruitment Pvt.Ltd.** श्रम ईजाजत नं. ८७८/०६७/०६८

Baluwatar,, Kathmandu, Nepal. Tel: 977-1-4436597 / 4420587,



## कुवेत/कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SABI SPA BEAUTY SALOON COMPANY FOR LADIES W.L.L.

पूर्व स्वीकृति मिति २०७६/१०/१५ | LT. No. 231790 | चलानी नं. ६०१५०७९१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HAIRDRESSER | 0 | 3 | 150 | ५६,१९३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : NEJOUD RESTAURANT MANAGEMENT COMPANY

पूर्व स्वीकृति मिति २०७६/१०/१५ | LT. No. 230888 | चलानी नं. ६०१५०७८८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waitress | 0 | 2 | 2000 | ६२,५२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : FORMTECH ENGINEERING (M) SDN BHD

पूर्व स्वीकृति मिति २०७६/१०/१५ | LT. No. 232086 | चलानी नं. ६०१५०७८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Production Operator | 6 | 0 | 1200 | ३३,४३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : IMPACT COLOUR SB.

पूर्व स्वीकृति मिति २०७६/१०/१५ | LT. No. 232096 | चलानी नं. ६०१५०७८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 14 | 0 | 1200 | ३३,४३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ADVANCE PROFESSIONALS CO. CONTRACTING & GENERAL TRADING

पूर्व स्वीकृति मिति २०७६/१०/१५ | LT. No. 231367 | चलानी नं. ६०१५०७९०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Worker Architectural | 2 | 0 | 1300 | ३९,४४२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Electric Buildings | 1 | 0 | 1300 | ३९,४४२ | | | | | | | |
| 3 | Melissa | 1 | 0 | 1300 | ३९,४४२ | | | | | | | |
| 4 | General Electrician | 1 | 0 | 1300 | ३९,४४२ | | | | | | | |
| 5 | Cleaning Agent Surfaces | 1 | 0 | 1300 | ३९,४४२ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः मेनपावर कार्यालय काठमाण्डौ, मितिः माघ २३ गते अर्थात (6 Feb. 2020) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/- रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रोजगारदाता आफैले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Omega International Pvt. Ltd.**

Govt. License No. 1352/074/075

K.M.C.-09, Airport Gate, Kathmandu, Nepal

Ph. No: +977-1-4465367, 4465368 E-mail : info@omeganepal.com

Website : www.omeganepal.com



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NASSER SAEED AL-HAJRI AND PARTNER FOR GEN.TRADING&GEN.CONT.CO.WLL

पूर्व स्वीकृति मिति २०७६/१०/१५ | LT. No. 231146 | चलानी नं.६०१५०७५४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Light Ordinary Labour | 300 | 0 | 85 | ३१,८४३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः मेनपावर कार्यालय काठमाण्डौ, मितिः माघ २३ गते (6 Feb. 2020) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/- रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रोजगारदाता आफैले **सेवा शुल्कः** १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Swift Gurkha International Pvt. Ltd.**

श्रम ईजाजत नं. ५५९/०६२/०६३ Samakhusi, Tokha Road, Ktm, Nepal. Tel: +9771 4352128, 4389471, 4350987, Fax: +977-1-4350534



## वर्गीकृत विज्ञापन संकलन काउण्टर

पशुपति विज्ञापन सेवा - सोह्रखटटे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-निामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोनं. ०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोनं. ४३६४७१ । ध्रुवको पसल - डिल्लीबजार, फोन नं. : ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) - फोन नं. ४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी - नयाँ बसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञानज्योती पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र संचार -ुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७,९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. -पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी - बालाजु नेपालटार, फोन नं. ४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी - गटठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal - पुतलीडक चोक, फोन नं. 9851079417, 2297501 | HallMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी - विश्वज्योति हल ाईडमा), बी.एन्ड बी. कम्यूनिकेशन एन्ड साइबर - कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्स ०१-४२७१३२२ । दाजुभाई स्टेशनरी - पिंगलास्थान, गौशाला,, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला - ७५,६००/- | प्रति तोला - ७५,३००/- | प्रति तोला - ८७०/- |

## कर्पोरेट

### एभरेष्ट बैंकको नयाँ शाखा ललितपुरको सानोगाउँमा



**काठमाडौं** – एभरेष्ट बैंकले ललितपुरको सानोगाउँमा आफ्नो ९५ औं शाखा स्थापना गरि कारोबार सञ्चालनमा ल्याएको छ । उक्त शाखाको महालक्ष्मी नगरपालिकाका मेयर रामेश्वर श्रेष्ठ र एभरेष्ट बैंकका प्रमुख कार्यकारी अधिकृत गजेन्द्रकुमार नेगीले संयुक्त रूपमा उद्घाटन गरेका थिए ।

उक्त अवसरमा एभरेष्ट बैंकले फराकिलो विश्वव्यापी सन्जालमार्फत व्यावसायिक र कुशल बैकिङ्ग सेवाहरू प्रदान गर्दै आइरहेको जनाइएको छ । बैंकले समाजमा ठुलो संख्यामा र सबै वर्गहरूलाई बैकिङ्ग सुविधा पुर्‍याउने प्रयास स्वरूप देशका सबै क्षेत्रहरूमा शाखा स्थापना गर्ने कोसिस गरिरहेको छ ।

नेपालभर १० लाख भन्दा बढि सन्तुष्ट ग्राहकका साथ ९५ स्थानीय संजाल, ३ एक्सटेन्शन काउन्टर, ३० राजस्व संकलन काउन्टर, १२२ एटिएमसहित मजबुत सेवा प्रदान गर्दै आईरहेको एभरेष्ट बैंकले आफ्नो सेवा विस्तारको क्रमलाई निरन्तरता दिँदै ललितपुरको सानोगाउँमा ९५औं नयाँ शाखा खोलेको जनाइएको थियो । सानागाउँका बासिन्दाहरूले अब आफ्नो घर ठाँउमा शाखामार्फत आधुनिक बैंकिङ्ग सुविधा प्राप्त गर्न सक्नेछन् । साथै ग्राहकहरूले पूर्ण बैंकिङ्ग सुविधाको लाभ लिन पनि सक्नेछन् ।

### कुमारी बैंकको डिबेन्चरमा मागभन्दा बढी आवेदन




**काठमाडौं–** कुमारी बैंकको डिबेन्चरमा मागभन्दा बढीको आवेदन परेको छ । बैंकको डिबेन्चरमा सर्वसाधारण लगानीकर्ताले १ अर्ब ३० करोड मूल्य बराबरका लागि १३ लाख कित्ता आवेदन दिएका हुन् । बैंकका अनुसार १ अर्ब २० करोड मूल्य बराबरको १२ लाख (४०प्रतिशत) एकाइ माग गरिएकोमा १ लाख कित्ता बढी आवेदन परेको हो । बाँकी १८ लाख एकाइ भने बैंकले अन्य संघ-संस्थालाई बिक्री गरिसकेको छ । कुमारी बैंक डिबेन्चर २०८६ लाई रेटिङ एजेन्सी इक्रा नेपालले वित्तीय सूचक औसतभन्दा राम्रो जनाउने 'इक्रा एनपी बीबीबी प्लस' रेटिङ दिएको छ । नेपाल राष्ट्र बैंकले चालु आर्थिक वर्षको मौद्रिक नीति मार्फत वाणिज्य बैंकहरूलाई चुक्तापुँजीको २५ प्रतिशतसम्म ऋणपत्र अनिवार्य जारी गर्नुपर्ने व्यवस्था गरेपश्चात् पछिल्लो समय सबैजसो बैंक ऋणपत्र निष्काशनमा जुटेकामा कुमारी बैंकले पनि ३ अर्ब रूपैयाँ बराबरको ऋणपत्र पुस १४ गते निष्काशन गरेको थियो ।

### मेगा बैंकबाट वित्तीय साक्षरता कार्यक्रम

**काठमाडौं** – मेगा बैंक नेपाल लिमिटेडले काठमाडौंको धापासीमा वित्तीय साक्षरता कार्यक्रम गरेको छ । बैंकिङ साक्षरता अभियान संचालन गर्ने क्रममा बैंकले माई युथ क्लवसँगको सहकार्यमा काठमाडौंको धापासीमा एक दिने वित्तीय साक्षरता कार्यक्रम आयोजना गरेको हो । कार्यक्रममा मेगा बैंककी दायित्व विभाग प्रमुख जेनु थापा, बचत निक्षेप विभागका इन्चार्ज सुजन पोखरेल, मोनिल थापालगायतले वित्तीय साक्षरता सम्बन्धी कक्षा लिएका थिए । स्थानीय व्यवसायी एवं बुद्धिजीविहरूको




सहभागिता रहेको कार्यक्रममा मेगा बैंकका बचत तथा कर्जा योजना, बैंकको नेटवर्क, वित्तीय कारोबार, भविष्यको योजना, सुरक्षित बचत, कर्जा तथा विप्रेषणबाट प्राप्त रकमको उत्पादनमुलक लगानी, पारिवारिक बजेट तथा योजना, जोखिम न्यूनीकरण लगायतका विषयमा जानकारी गराइएको थियो ।

### कुमारी बैंकद्वारा पञ्चमुनिदेवलाई सहयोग

**तनहुँ–** कुमारी बैंक लिमिटेडको दुलेगौंडा शाखाले बैंकको संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत पञ्चमुनिदेव माध्यमिक विद्यालयलाई २ थान मेडिकल बेड र १ थान स्ट्रेचर सहयोग गरेको छ । स्वर्ण जयन्ती समारोहमा बैंकका गण्डकी प्रदेश प्रमुख नविन राज पौडेलले विद्यालयका प्रधानाध्यापकलाई उक्त सामाग्री हस्तान्तरण गरेका थिए ।



प्रमुख अतिथि पूर्व राष्ट्रपति रामवरण यादवद्धारा उक्त अवसरमा कुमारी बैंकको संस्थागत सामाजिक उत्तरदायित्वको कदर गर्दै सम्मान स्वरूप कदरपत्र प्रदान गरेका थिए । विद्यालयले एक स्टाफ नर्स राखि प्राथमिक उपचार कक्ष संचालन गर्दै आएको यस विद्मालयमा मेडिकल सामाग्री आवश्यकतालाई मध्यनजर गर्दै बैंकले उक्त सहयोग गरेको हो ।

### काबेली बी र बैंक अफ काठमाण्डूबीच सम्झौता



**काठमाडौं–** बैंक अफ काठमाण्डू लिमिटेड र अरुण भ्याली जलविद्युत बिकास कम्पनी लिमिटेड बिच काबेली बी वान कास्केड जलविद्युत आयोजनामा सहवित्तियकरण कर्जा प्रवाह गर्ने सम्बन्धि सम्झौता भइको छ । सम्झौताअनुसार ९.९४ मेगावट क्षमता रहेको काबेली बी वान कास्केड जलविद्युत आयोजनाका लागि बैंक अफ काठमाण्डूले सहवित्तियकरण कर्जाको अगुवाई गरेको छ । अरुण भ्याली जलविद्युत बिकास कम्पनी लिमिटेडले पाँचथर र ताप्लेजुङको सिमानामा उक्त जलविद्युतको आयोजनाको निर्माण खर्च रु १ अर्ब ९७ करोड रहेको अनुमान गरिएको छ । बैंक अफ काठमाण्डू लिमिटेडको अगुवाइ रहेको उक्त सहवित्तियकरण कर्जाको सदस्य बैंकमा कुमारी बैंक लिमिटेड रहेको छ ।

अरुण भ्याली जलविद्युत बिकास कम्पनी लिमिटेडले नेपालको पहिलो निजीक्षेत्रबाट प्रबन्धन भएको ३ मेगावाट उत्पादन क्षमता रहेको पिलुवा खोला जलविद्युत आयोजनाको निर्माण सम्पन्न गरीसकेको छ । उक्त आयोजनामा पनि बैंक अफ काठमाण्डू लिमिटेडले नै सहवित्तियकरण कर्जाको अगुवाइ गरेको थियो ।

### श्रीपञ्चमीमा सानिमा बैंकको डिजिटल सौगात




**काठमाडौं–** सानिमा बैंक लिमिटेडले श्री पञ्चमी (सरस्वती पूजा) का अवसरमा विशेष योजना ल्याएको छ । बैंकले ग्राहकलाई लक्षित गर्दै दुई दिनको लागि डेबिट कार्ड र मोबाइल बैंकिङ सेवामा जारी शुल्क नलाग्ने व्यवस्था गरेको छ । साथै विद्यार्थीवर्गलाई लक्षित गर्दै ल्याइएको योजनामा दुबै सुविधा एकैसाथ उपभोग गर्दा रु १०० को नेपाल टेलिकम वा एनसेलको टपअप पाउने जनाइएको छ ।

### महालक्ष्मी लाइफ इन्स्योरेन्सको दोस्रो राष्ट्रिय सम्मेलन



**चितवन–** महालक्ष्मी लाईफ इन्स्योरेन्स लिमिटेडको ३ दिने दोस्रो राष्ट्रिय सम्मेलन चितवनको सौराहामा सम्पन्न भएको छ । देशभरिबाट सबैं शाखाबाट ६० भन्दा बढी शाखार उपशाखा प्रमुख,क्षेत्रिय प्रमुख, उपक्षेत्रिय प्रमुख र प्रधान कार्यालयका पदाधिकारी समेत सम्मेलनमा ७५ जनाको सहभागिता रहेको जनाइएको छ ।

'प्रत्येक घरमा- एउटा जीवन बीमा' नाराका साथ संचालन भएको राष्ट्रिय सम्मेलनमा कम्पनीको सबै शाखा उपशाखाको ६ महिनाको प्रगति समिक्षा, गुणस्तरिय व्यापारको लागि अपनाउनु पर्ने रणनीति र कार्यक्रम तथा गाउँगाउँमा, घर घरमा बीमा सम्बन्धि जनचेतना जगाउने बारेमा छलफल गरिएको थियो । यही माघ १२ देखि १४ गते सम्म सम्पन्न भएको उक्त सम्मेलनको उद्घाटन तथा समिक्षा कम्पनीको प्रमुख कार्यकारी अधिकृत रमेश कुमार भट्टराईले गरेका थिए भने तालिम तथा कम्पनीको रणनीति बारेमा नायव प्रमुख कार्यकारी अधिकृतद्वय कमल पन्थी र रामेश्वर श्रेष्ठ तथा सहायक महाप्रबन्धक सपना खरेल र प्रशान्तराज धमलाले प्रकाश पारेका थिए ।

# क्यान इन्फोटेक-२०२० फागुन पहिलो साता




■ प्रभाव संवाददाता

**काठमाडौं** – कम्प्युटर एशोसिएशन नेपाल क्यान महासंघले आयोजना गर्ने मुलुककै ठूलो सूचना प्रविधिसम्बन्धी प्रदर्शनी क्यान इन्फोटेक २०२० को तयारी अन्तिम चरणमा पुगेको छ ।

सञ्चार तथा सूचना प्रविधि र मनोरञ्जनसम्बन्धी प्रदर्शनी तथा सम्मेलनको यो २६ औं संस्करण आगामी फागुनको २ गतेदेखि ७ गतेसम्म काठमाडौंको भृकुटीमण्डपमा आयोजना हुँदैछ । यस संस्करणको टाइटल स्पोन्सर प्रभु पे रहेको छ । प्रदर्शनीका ८० प्रतिशत स्टल बुकिङ भइसकेको क्यान महासंघका अध्यक्ष नवराज कुँवरले बताएका छन् । क्यान इन्फोटेक-२०२० को एशोसिएट स्पोन्सरमा वर्ल्डलिंक कम्युनिकेशन्स र प्लाटिनम स्पोन्सरमा एनसेल रहेका छन् भने डायमण्ड स्पोन्सरमा भायानेट कम्युनिकेशन्स रहेको छ । त्यसैगरी, स्मार्ट टेलिकम, नियोटेरिक नेपाल र सागर डिष्ट्रिब्युशन गोल्ड स्पोन्सर रहेका छन् भने जेनेस सोल्युशन, लर्ड बुद्ध एजुकेशन फाउण्डेशन र एस-पावर बीपीई सिल्भर स्पोन्सर रहेका छन् ।

ब्रेन डिजिट आईटी सोल्युशन क्यान इन्फोटेक २०२० को डिजिटल पार्टनर रहेको छ । त्यसैगरी क्रियटिभ पार्टनरमा आरआर श्री स्कुल अफ टेक्नोलोजी, गेमिङ्ग पार्टनर ओसियन कम्प्युटर तथा अफिसियल सञ्चार संस्थामा प्रविधि पत्रकार मञ्च, अफिसियल इन्सुरेन्समा प्रभु इन्सुरेन्स, रिसर्च पार्टनर सी.यस.आर, अफिसियल ट्राभल पार्टनर बिएन होलिडेज रहेको छ ।

प्रदर्शनीलाई सफल वनाउन सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सूचना प्रविधि विभाग, नेपाल दूरसञ्चार प्राधिकरण, नेपाल टेलिकम, नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल चेम्बर अफ कमर्श तथा नेपाल मोबाइल डिष्ट्रिब्युटर्स एशोसिएशन, एशोसियसन अफ इन्जिनियरिङ्ग कलेज सहयोग गरेका छन् । त्यसैगरि अन्तराष्ट्रिय संस्था असोसियो र विट्सा को पनि यसको आयोजनामा सहयोग रहेको छ ।

रोबोट र ड्रोनबाट गरिने प्रदर्शनीको उद्घाटन पनि सूचनाप्रविधि मेलाको विशेष आकर्षण रहने छ । यस पटकको क्यान इन्फोटेकमा विशेष आकर्षणको रूपमा गेमिङ जोन पनि रहने छ । सो अवसरमा गेमिङ्ग पार्टनर ओसियनले क्यान महासंघसँग मिलेर ई-स्पोर्टस् च्याम्पियनसीप प्रतियोगिता आयोजना गर्ने छ जसमा डोटा टु तथा सीएस गो जस्ता टीम वर्क आवश्यक पर्ने लोकप्रिय खेल खेलिने छन् । दुवै प्रतियोगिता नकआउट शैलीमा खेलिने छन् भने उत्कृष्ट ८ टीमले इन्फोटेकमा हुने प्रतिस्पर्धामा भाग लिन पाउने छन् । साथै विजेताहरूले प्रमाणपत्र सहित रु. १ लाख नगद पुरस्कार पनि प्राप्त गर्ने छन् ।

क्यान इन्फोटेकको यो संस्करणको प्रबेश शुल्क रु १०० राखिएको छ, बिद्यार्थीहरूले ५० प्रतिशत छुट पाउने छन् भने, सामुदायिक तथा सरकारी विद्यालय र कलेजका विद्यार्थीहरू, संचारकर्मी, जेष्ठ नागरिक, फरक क्षमता भएका व्यक्तिहरूले नि:शुल्क प्रवेश पाउन सक्नेछन् । यसैगरी फागुन ५ गतेलाई 'बिजनेस डे' तोकिएको छ । क्यान इन्फोटेक २०२० को टिकटलाई पेपरलेस बनाइएको छ । अवलोकनकर्ताले प्रभु पेबाटै टिकट किन्न सक्ने छन् भने प्रदर्शनीस्थलमा पनि किओस्क मेशिनबाट टिकट लिन सकिने छ । यसले प्रदर्शनी अवलोकन गर्न चाहने व्यक्तिहरूले इन्फोटेक प्रवेशमा लाग्ने समयको वचत गर्न सकिने जनाइयो ।

यो वर्ष क्यान इन्फोटेक उपत्यका बाहिर पनि ८ स्थानमा आयोजना गरिने कार्यक्रम अनुसार प्रदेश १ को इटहरी र प्रदेश २ को वीरगञ्जमा क्यान इन्फोटेक सफलतापूर्वक सम्पन्न भैसकेको छ भने माघ १७ देखि २१ गतेसम्म प्रदेश ५ को बुटवलमा, माघ २४ गतेदेखि २८ गतेसम्म वाग्मति प्रदेशको चितवनमा, फाल्गुन ११ गतेदेखि १५ गतेसम्म गण्डकी प्रदेशको पोखरामा, फाल्गुन २० देखि २४ गतेसम्म प्रदेश ५ को नेपालगंजमा, फागुन २८ गतेदेखि चैत्रको १ गतेसम्म प्रदेश ७ को धनगढिमा र चैत्र ५ गतेदेखि ९ गतेसम्म कर्णाली प्रदेशको सुर्खेतमा आयोजना हुने अध्यक्ष कुँवरले जानकारी दिए ।

तु-आवश्यकता
यस म्यानपावर कम्पनीका लागि निम्न पदको कर्मचारीहरु आवश्यक भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाण पत्रका साथ सम्पर्क राख्नुहोला ।
1) Accountant :1 Male/Female
1) Receptionist:1 Female
सम्बन्धित काममा ३ वर्षको अनुभव भई अंग्रजी बोल्न,लेख्न र पढ्न सक्ने हुनुपर्नेछ । कम्प्युटर राम्रोसँग जानेको हुनुपर्नेछ ।
सम्पर्क:
KOPERASI INTERNATIONAL Pvt. Ltd.
Tokha-9, Gongabu, (Shiva Mandir) Ktm, Nepal,
Phone No.: +977 1 6201229, 9851023473, 9849565069, 9860773210
1287/074/075 E-mail : sarojoli208@gmail.com, koperasiinternational2017@gmail.com

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रक : एक्सप्रेस कलर प्रेस, कार्यालय : धुम्बराही-४, काठमाडौं, नेपाल, फोन/फ्याक्स नं. ०१-४३७३५७७, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, अध्यक्षः दुर्गा बहादुर लिम्बु, कार्यकारी सम्पादकः कमलराज राई